# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सशक्तिकरण मानवीय उत्थान गर्ने एक अवधारणा हो । यसले समाजमा शोषित र दबिएर रहेका वर्गको उत्थान गरी दमन र शोषणमा परेका व्यक्तिहरुलाई शोषित नहुनको लागि प्रात्साहन गर्दछ । यसले मानिसमा सचेतना तथा जागरण ल्याई समाजमा रहेका परम्परागत रुढीवादी, अन्धविश्वास हटाउन र विकासमुलक कार्यमा सहभागी गराई अगाडी बढ्न प्रोत्साहन गर्दछ । महिलाहरुको विकास भयो भने परिवार एवम् समाजको विकास हुन्छ भन्ने धारणालाई ध्यानमा राख्दै अघि बढाएको एक अवधारणा महिला सशक्तिकरण हो ।

महिला सशक्तिकरण सन् १९८० बाट सुरुवात भएको हो । महिला सशक्तिकरणका लागि विश्वमा विभिन्न किसिमका प्रयासहरु भएका छन् । सन् १९७५ को मेक्सिकोमा विश्वमहिला सम्मेलनले विकास, शक्ति र नारी समानतालाई आत्मसाथ गरेमा महिला विरुद्ध हुने सब प्रकारको विभदेको अन्त्य, दोस्रो विश्वसम्मेलनको विकास कार्यमा महिला सहभागिता, तेस्रो विश्व सम्मेलन (१९८५) नैरोबिले महिलाको रोजगारी, स्वास्थ्य, अवस्था सुधार ल्याई पुरुष सरह शिक्षा प्रदान गर्ने त्यसै गरी चौथो सम्मेलन १९९५ बैइजिङ्गले महिला विकास तथा लैङ्गिक समानताको लागि गरिबी, शिक्षा, स्वास्थ्य, रोजगारी, शक्ति संरचना निर्णय, प्रक्रिया, मानव अधिकार लगायत राजनैतिक शक्ति संरचना, राजनैतिक आर्थिक तथा सामाजिक क्षेत्रका विविध पक्षहरुमा महिला सहभागिताका कुराहरु अघि सारेको छ । (अन्तराष्ट्रिय सहकारी महासंघ, १९९५) ।

नेपालमा महिला विकासका क्षेत्रमा भएका उपलब्धिहरुलाई विश्लेषण हेर्दा कानूनी व्यवस्था निति तथा संस्थागत संरचना, कार्यक्रमहरुले गर्दा केहि हदसम्म लक्षित वर्गको आवाजलाई समेटेका कार्यहरु भएको देखिन्छ । त्यसैगरी महिला सशक्तिकरणका लागि समय समयमा विभिन्न कार्यहरु हुँदै गरेको देखिन्छ । त्यसैगरी महिला सशक्तिकरणका लागि समय समयमा विभिन्न कार्यहरु हुँदै गरेको देखिन्छ । पञ्चायती व्यवस्था भन्दा अगाडी महिला उत्थानमा निम्ति सतिप्रथाको अन्त्यको घोषणा, बाल विवाह गर्न नपाइने, दास प्रथाको अन्त्य जस्ता कार्यहरु भएका थिए ।

वि.सं. १९७४ मा पहिलो महिला समिति गठन त्यस्तै वि.सं. २००२ मा चन्द्रकान्त मल्लले नारी जागरण केन्द्र स्थापना गरी त्यसमा महिला विभेद अन्त्यका लागि चेतनामुलक कार्यक्रम सञ्चालन गरियो । वि.सं. २०११ सालमा गठित ३५ सदस्यीय सल्लाहकार सभामा पुन गठन गरी ४ जना महिला प्रतिनिधित्व गराइयो । सन् १९८२ मा स्थानीय विकास मन्त्रालयमा महिला विकास शाखा गठन भयो । संविधान २०४७ ले महिला माथिको असमानता अन्त्य गर्न प्रतिवद्धता गरियो । सन् १९९० मा सबै प्रकारका भेदभाव उन्मुलन महासन्धि अनुमोदन गरियो । सन् १९९५ मा महिला हक स्थापित गर्भपतन सम्बन्धी कानूनी व्यवस्था स्वतन्त्र महिला आयोगको स्थापना, राजनैतिक दल दर्ता निश्चित उम्मेदवार उठाउनु पर्ने व्यवस्था गरेको महिलालाई शिक्षित बनाउन आधारभूत प्राथमिक शिक्षा परियोजना लागु गरिएको प्रत्येक विद्यालयमा १ जना शिक्षिका राख्ने व्यवस्था गरेको छ ( पन्थी २०७४) ।

मानव विकासको सुरुवातसँगै मानिसहरु एक आपसमा मिलेर आ-आफ्नै समूहमा बसने र आफ्नो सुरक्षा र सहयोगको सामाजिक तथा आर्थिक कार्यको लागि मिलेर बस्ने परम्पराको विकास हुँदै गएको आजको विकसित विश्वसम्म आइसक्दा पनि मानव विकासका लागि मानिस एक्लैले सबै काम गर्न नसक्ने र त्यसका लागि मानिस एक अर्काको भरमा पर्नु पर्ने भएकाले गर्दा एक आपसमा सहकार्य गर्न जरुरी हुन्छ । सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक, साँस्कृतिक सम्पूर्ण क्रियाकलाप गर्दा सामुहिक रुपमा गर्नुपर्ने र त्यसका लागि सामुहिक सोच, विचार, क्रियाकलाप, सामुहिक बसाईलाई महत्वपूर्ण मानिन्छ । कुनै पनि व्यक्तिमा एकल प्रयासले समाजमा भएका समस्याहरुको समाधान गर्न तथा विकासका कार्यहरु गर्न सकिदैन । त्यसका लागि सामुहिक भावना कार्य तत्परताको आवश्यकता पर्दछ । त्यही सामुहिक रुपमा बस्ने, कार्य गर्न र एकले एकको नभई सबैले सबैको हितका लागि कार्य गर्न प्रकृतिलाई नै सहकार्य भनिन्छ । सहकारी एक व्यवसायिक क्रियाकलाप गर्ने पद्धति हो (अर्याल, २०७६) ।

महिला सशक्तिकरण गर्ने विभिन्न संस्था मध्ये सहकारी संस्था एक हो । सहकारी अवधारणाको विकासको कुरा गर्दा युरोपियन देशहरुमा भएको औद्योगिक क्रान्तिले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सन् १७६० देखि १८३० सम्म बेलायत, फ्रान्स, जर्मनी लगायतका देशहरुमा भएको औद्योगिक क्रान्तिले गर्दा केही व्यक्ति धनी भन्दा धनी बन्न कोही

गरिबभन्दा गरिब हुन थाले । औद्योगिक क्रान्ति पश्चात गरिबीको संख्यामा बृद्धि भएपछि त्यसबाट मुक्ति दिलाउन राज्यले सहकारीको अवधारणा विकास गरी विपन्न वर्ग, गरिब, निमुखा महिलालाई लक्षित गरी सामुहिक रुपमा लगानी गर्न समूहमा कार्य गर्न र त्यसको प्रतिफल पनि सामुहिक रुपमा उपभोग गर्न, उद्देश्य सहित सहकारीलाई अगाडि बढाएको पाइन्छ (पौडेल २०७२) ।

सहकारीको माध्यमबाट महिलाहरुलाई समूहमा बसेर कार्य गर्ने लगानी गर्न विभिन्न तालिमको व्यवस्था गर्ने नयाँ नयाँ कार्य गर्न लगाउने, लगायतका सहकार्य गरी उनीहरुको जीवनस्तर उठाउन मद्दत गर्ने जस्ता कार्यहरु गर्ने गरेको छ । यसका साथै महिलाहरुलाई समाजमा पुरुष सरह हक, अधिकार, सिप, शिक्षा अवसर प्राप्तीको लागि महिलाहरुमा थप जोशा, जाँगर र साहस दिएको छ सशक्त पारेको छ । महिलाहरुमा हामीले पनि केही गर्नुपर्छ र केही गर्न सक्छौ भन्ने भावनाको विकास गरिएको छ । सहकारीको माध्यमबाट प्राप्त तालिम तथा लगानीबाट महिला उत्थानको लागि विशेष गरेर आर्थिक क्षेत्रमा सुधार ल्याउनको लागि र अन्य सामाजिक, राजनैतिक, शैक्षिक, वैवाहिक क्षेत्रमा सुधार ल्याउन सहयोग प्रदान गरेको छ ।

सहकारीको आन्दोलनको विकास गरिब विपन्न वर्गको उत्थानको लागि भएको र यसको सुरुवात विश्व बजारमा धेरै पहिले प्रयोग भएको पाइन्छ । नेपालमा वि.सं. २००८ सालमा औपचारिक सुरुवात त्रिभुवन ग्रामीण विकास २०१० सालमा खाद्य एवं कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको र सन् २०१३ सालमा चितवनमा पहिलो ऋण सहकारी संस्थाको स्थापना भई २०१६ सालमा सहकारी ऐन परिवर्तन हुँदै नेपालमा सहकारीको अवधारणाको सुरुवात भएको थियो । त्यस भन्दा अगावै पनि यस्ता प्रकारका सहकार्यहरु यथावत रुपमा सञ्चालित भएको पाइन्छ । परम्परागत रुपमा चल्दै आएका मेला, ढुकुटी, धर्म, भकारी जस्ता सबै खाले आर्थिक सामाजिक र साँस्कृतिक गतिविधिहरु भईरहदा र त्यसैको विकसित रुप नै सहकारी हो । सहकार्यको माध्यमबाट सामुहिक रुपमा व्यक्तिगत र सामुहिक समस्या समाधान गर्ने प्रक्रिया नै सहकारी प्रक्रिया हो (पाण्डे २०५९) ।

देशका कृषक पूँजिवाल र निम्न आय भएका श्रमिक, भूमिहिन तथा बेरोजगारी वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि

पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघ संगठनको गठन र सञ्चालन सम्बन्धी व्यवस्था गर्न बाञ्छनीय भएको छ भन्ने भनाईबाट पनि सहकारीले निम्न आय भएका व्यक्तिलाई समेट्न सहकार्यको अवधारणा ल्याइएको पाइन्छ (सहकारी ऐन, २०७६) ।

सहकारी वास्तवमा के हो त भन्ने सवालमा विभिन्न खालका विचार हुनु स्वभाविक हुन्छ । यसलाई समाजवादीहरुले एउटा यस्तो समाज व्यवस्था गर्नुपर्छ । जसबाट वर्ग संघर्ष विना नै शोषणलाई समाप्त पार्न सकिन्छ । भन्दछन् त्यस्तै मार्क्सवादीहरु समाजवादी समाज निर्माणको जग नै सहकारीको आर्थिक आधार हो भन्दछन् ।

## १.२ समस्याको कथन

महिलाहरुको केही पहुँच बढाउने र शैक्षिक क्षेत्रमा पनि विशेष किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको पाइन्छ । तथापी महिलाहरुको आर्थिक, राजनैतिक, सामाजिक क्षेत्रमा किन पहुँच पुग्न पनि सकेको छैन र यस संस्थाले महिलाको अवस्था माथि उठाउनको लागि के कस्तो योगदान पुऱ्याएको छ । त्यसको लेखाजोखा गर्नु नै अध्ययनको समस्याको कथन रहेका छन् ।

यस अध्ययनमा सहकारी संस्थाले सञ्चालन गर्ने हरेक क्रियाकलापमा महिलाहरुलाई कसरी सहभागी गराइएको छ र महिला सशक्तिकरण के कस्तो प्रभाव परेको छ ? सहकारी संस्थाको माध्यमबाट महिलाहरुको विकासको लागि के कस्ता कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् ? महिलाको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक विकासमा सहकारीले कस्तो भूमिका खेलेको छ ? लगायतका मुलभूत प्रश्नहरुलाई समेटिएको छ जसलाई तल प्रस्तुत गरिएको छ ।

**समस्याका कथनहरु यस प्रकार छन् ।**

१) सहकारी संस्थाले संञ्चालन गर्ने हरेक क्रियाकलापमा महिलाहरुलाई कसरी सहभागि गराएको छ र महिला सशक्तिकरणमा के-कस्तो प्रभाव पारेको छ ?
२) महिलाको आर्थिक सामाजिक, राजनैतिक र शैक्षिक विकासमा सहकारीले कस्तो भुमिका खेलेको छ ?

३) सहकारी संस्थाको माध्यमबाट महिलाहरुको विकासका लागि के-कस्ता कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् पत्ता लगाउँन ?

## १.३ अध्ययनको उद्देश्य

जनहित बचत तथा ऋण सहकारीको माध्यमबाट महिलाहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा के कस्तो भिन्नता आएको छ । तिनीहरुको उद्देश्य अनुसार संस्थाका सदस्यले के कस्ता कार्यबाट उनीहरुको व्यक्तित्व विकास, आर्थिक विकास तथा सामाजिक विकासमा के कस्ता सुधारहरु भएका छन् । सहकारीमा नलाग्दा र लागेपछिको स्थितिमा के सुधारहरु आए ? सहकारीले महिला उत्थानमा के कस्तो भूमिका निर्वाह गरेको छ र महिलाको जीवन स्तरमा के कसरी सुधार ल्याएका छन् ? त्यसबारेमा जानकारी प्राप्त गर्नु ।

अध्ययनको उद्देश्य बुँदागत रुपमा यसप्रकार छन् ।

- सहकारीतामा संलग्न महिलाको आर्थिक र सामाजिक अवस्थाको पहिचान गर्नु,
- महिलाहरूको दैनिक जीवनशैलीमा र निर्णय क्षमतामा आएको परिवर्तन तथा सशक्तिकरण सम्बन्धी अध्ययन गर्ने,

## १.४ अध्ययनको सिमा

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य पोखरा. महानगरपालिका वडा नं १९ स्थित जनहित बचत तथा ऋण सहकारी सँस्थामा अवद्ध महिलाहरुको सामाजिक सँस्कृतिक क्षेत्रमा परेको प्रभावको बारेमा अध्ययन गर्नु हो । सिमित स्रोत र सिमित समयको कारण कास्की जिल्लामा भएको सम्पूर्ण बचत तथा ऋण सहकारी संस्था सबैलाई समेटिएको छैन ।

**यस अध्ययनका सिमाहरु निम्न रहेका छन् ।**

क) यो अध्ययन प्राथामिक तथ्यांक संकलनको औजार अन्तवार्ता सूचिमा आधारित रहि तयार पारिएको छ ।
ख) यस अध्ययनमा कुल ३६० महिलाहरु मध्ये २५ प्रतिशतले हुन आउने ९० जनालाई नमुनाको रुपमा लिईएको छ ।

ग) कास्की जिल्लाको पोखरा म.नगरपालिका वडा नं १९ स्थित जनहित बचत तथा ऋण सहकारी सँस्थासँग मात्र सिमित रहेको छ,

घ) यो सहकारीले महिला सशक्तिकरणमा पुऱ्याइएको योगदान बारेमा केन्द्रित  छ ।

ङ) सहकारीले महिलाको सामाजिक, साँस्कृतिक र शैक्षिक विकास अध्ययन गरिने छ ।

## १.५ अध्ययनको महत्व

आधा भन्दा बढी जनसंख्या ओगटेको महिलाहरुको अवस्था एकाइसौ शताब्दीसम्मा आइसक्दा पनि पुरुषको तुलनामा धेरै नै दयानिय अवस्था भएको हामीले पाउँदछौं । समग्रमा महिलाहरु पछाडी परेका छन् । समाजमा रहेको विभेदको अन्त्य गरेर पुरष सरह महिलालाई अगाडि बढाउनको लागि सुरुवात गरेको अवधारणा सशक्तिकरण हो । जसबाट जनहित बचत तथा ऋण सहकारीको माध्यमबाट महिलाहरुको आर्थिक, सामाजिक, राजनैतिक रुपमा के कसरी सुधार ल्याएका छन् । समाजमा तिनीहरुको प्रतिष्ठालाई कसरी सम्मानीत बनाएका छन् । विपन्न वर्गका महिलाहरुलाई समावेश गर्दै के कस्तो तालिमहरु पाएका छन् । के कस्ता सुविधाहरु पाएका छन् र समग्रतामा महिलाको आर्थिक स्तर गर्न र तिनीहरुको सामाजिक प्रतिष्ठा सम्मानित बनाउनमा जनहित बचत तथा ऋण सहकारी संस्थाले कसरी भूमिका निर्वाह गरेको छ । तिनीहरुको बारेमा जानकारी प्राप्त गर्न र सहकारीमा नलागेका महिलाहरुलाई पनि सहकारीमा समावेश भई महिला सशक्तिकरण कार्यमा सहकार्य गर्दै अगाडि बढी समुन्नत नेपालको विकासमा सहयोग पुऱ्याउनु अध्ययनको महत्व र अनुसन्धानको औचित्य रहेका छ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधपत्रको परिचय दिइएको छ । जसमा अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययको महत्व, अध्ययनको सीमा र अध्ययनको संगठन राखिएको छ । त्यसैगरी अध्याय दुईमा सन्दर्भ साहित्यको समीक्षा/पुनरावलोकन सैद्धान्तिक अवधारणा पुर्व साहित्यको समिक्षा आवधारणागत खाका राखिएको छ । अध्याय तीनमा अध्ययनको विधिमा छनोटको औचित्य अनुसन्धान ढाँचा तथ्याङ्को स्रोत साधन सकंलन, प्रस्तुतिकरण र विश्लेषण राखिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको उत्तरदातासँग को सामाजिक,

आर्थिक तथा जनसाख्यीक विवरण राखिएको छ । र अध्याय पाँचमा तथ्याङ्को प्रस्तुतिकरण विश्लेषण राखिएको छ । अध्याय छ मा सारांश, निष्कर्ष, र सुझावहरू राखिएको छ । अन्तमा खुला अन्तरवार्ता अनुसुची सन्दर्भ सामाग्री राखिएको छ ।

# अध्याय : दुई

# सन्दर्भ सहित्यको समिक्षा

यस खण्डमा सहकारी र महिला सशक्तिकरण सँग जोडिएका पूर्व साहित्यहरूको बारेमा समीक्षा गर्ने प्रयास गर्दै यससँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गरिएको छ । साथै समाजशास्त्रीय सिद्धान्तहरूको सैद्धान्तिक समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तीक समिक्षा

विश्व समुदायको आर्थिक विकासको लागि अवलम्वन गरेका राज्य नियन्त्रित अर्थव्यवस्था, निजी क्षेत्रको वाहुल्य रहने बजार अर्थव्यवस्था र सामाजिक अर्थ व्यवस्था गरी तीन किसिमका विधिहरू प्रचलनमा रहेका छन् । हाल केही मुलुकहरू बाहेक विश्वको बहुसङ्ख्यक मुलुकहरूमा एउटा मात्र नभई आर्थिक विकासमा मिश्रित विधिहरू प्रयोगमा आइरहेको देखिएको छ । सहकारी सामाजिक अर्थव्यवस्थाको एउटा महत्वपूर्ण घडी हो । आर्थिक उदारीकरणको अगुवाई गर्ने विश्व बैङ्क अन्तराष्ट्रिय समुदायकोष समेत सहकारीको उपादेयताका बारेमा अहिले आएर सहमत भएका छन् । कृषि क्षेत्रको विकास र ग्रामिण अर्थतन्त्रमा सहकारी विधि बढी प्रभावकारी हुने विश्व बैङ्कले स्वीकार गरेको छ भने सन् २००७ मा गरिएको अन्तराष्ट्रिय मुद्राकोषको एक अध्ययनबाट वित्तिय कारोबार गर्ने सहकारीहरूको आर्थिक स्थायित्वमा योगदान रहने निर्क्यौल नीति लिएको छ । नेपाल र श्रीलङ्काको अध्ययनले पनि चरम द्वन्द्वको समयमा समेत सहकारी संस्थाहरूलाई द्वन्द्वरत पक्षहरूले कम मात्र असर पुऱ्याएको घटनाले समेत सहकारीको विशिष्ट प्रकृतिका बारेमा विश्व समुदायलाई आश्वस्त बनाएको छ ।

सहकारीका बारेमा राज्यले अङ्गिकार गर्ने नीति र तर्जुमा गर्ने कार्यक्रमहरूले सहकारीको विकास, विस्तार र प्रवर्द्धनलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसैले पनि नीति निर्माण तहका राजनैतिक तथा कर्मचारीतन्त्रको नेतृत्व वर्गमा सहकारी अर्थव्यवस्था सम्बन्धी ज्ञान आवश्यक हुन्छ । सहकारी उद्योगको व्यवसाय सञ्चालन गर्न सहकारीका विश्वव्यापी रूपमा अङ्गिकार गरिएका मूल्य र सिद्धान्त अनुसरण गर्नु अनिवार्य मानिन्छ । जनताको सामूहिक सहभागिताबाट नाफाको लागि मात्र नभएर स्व-उपयोग र उपभोगका लागि सहकारी

संरचनाको निर्माण गरिने भएकाले राज्यको व्यवहारले त्यस्ता सङ्घ- संस्थाहरूको स्वायत्तता र स्वतन्त्रतामा आँच नपुऱ्याउने गरी सहयोगी र सहजीकरणका क्रियाकलापहरू मार्फत् सहकारीको विकास, विस्तार प्रवर्द्धन गर्ने अवधारणा नीति निर्माणमा संलग्न व्यक्तिहरूमा हुनु आवश्यक छ । प्रजातन्त्रको अभ्यास, देशको आर्थिक तथा सामाजिक विकास, वातावरण संरक्षण, ग्रामिण तहमा समेत दीगो र उत्पादक रोजगारीको सिर्जना, सामाजिक एकीकरण जस्ता क्षेत्रमा सहकारीले पुऱ्याउने योगदानका आधारमा पनि यसको भूमिका निजी क्षेत्र र सार्वजनिक क्षेत्रकोभन्दा फरक हुने भएकोले सहकारीलाई आर्थिक व्यवस्था अन्तर्गत तेस्रो क्षेत्रको रूपमा परिभाषित गरिएको हो । समान उद्देश्य प्राप्तीको लागि तथा सामूहिक आवश्यकता पूर्ति गर्न स्वइच्छाले समुदायका व्यक्तिहरू मिलेर सामूहिक स्वामित्व तथा प्रजातान्त्रिक नियन्त्रणमा आधारित रही सञ्चालन गरिने व्यवसायको सङ्गठनहरू सहकारी हुन् भन्ने कुराको स्पष्ट बुझाई र प्रयोगको क्षेत्रमा विशेषगरी राज्यका सबै अङ्गहरू र सिंगो सहकारी अभियानको सक्रियता आवश्यक हुन आउँछ । स्वामित्व र उपयोग गर्ने एउटै समुदाय हुनु र निर्दिष्ट सिद्धान्त र मूल्यहरूका आधारमा मात्र सहकारी सञ्चालन गर्न सकिने कारणले गर्दा यस क्षेत्रलाई गैह्र नाफामूलक व्यवसायको रूपमा विश्व समुदायले स्वीकार गरेको छ ।

सहकारी व्यवसायले स्वभावतः सामाजिक उत्तरदायित्वप्रति बढी चासो राख्नुपर्ने हुन्छ । सहकारी अर्थव्यवस्थाको उपयुक्त ढङ्गले प्रवर्द्धन गर्दै लगियो भने राज्यको बजेटमा समेत सामाजिक विकासमा गरिने खर्चको बोझ कम हुँदै जाने साथै गरिने खर्चको पनि सार्थक उपयोग हुने अवस्थाको सिर्जना हुन पुग्दछ । सहकारीले सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत् राज्यको सामाजिक उत्तरदायित्वका कामहरुमा राज्यलाई सहयोग गरिरहेका हुन्छन् । सरकार स्वयम्ले लगानी गर्नुपर्ने स्वास्थ्य, शिक्षा र सुरक्षाका क्षेत्रमा समुदायको लगानी आकर्षित गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन पनि सहकारी माध्यम प्रभावकारी बनेको पाइन्छ । सहकारीको उदय नै विपन्न समुदायहरूले आफूहरूलाई आर्थिक तथा सामाजिक शोषणको घेराबाट जोगाउन खडा गरिएको सङ्गठनबाट भएको हो । विशेषतः सहकारीले पूर्ण प्रजातन्त्रको अभ्यासलाई आधारशिला बनाएको हुन्छ भने प्रतिफल वर्ग सङ्घर्ष बिनाको शोषण रहित सामाजिक-आर्थिक अवस्थाको सिर्जनामा गएर देखा पर्दछ । त्यसैले पनि सहकारी विधिको अर्थव्यवस्था बहुसङ्ख्यक मुलुकहरूमा अवलम्वन गरिएको छ । सबै खाले राजनीतिक दर्शनमा सहकारीको प्रयोगको खोजी निरन्तर भइरहेको हामी

पाउँदछौं । खुला बजारमा अगुवाहरूलाई न्यून गर्न पनि सहकारी पद्दतिको उद्योग व्यवसायहरूको विकास आवश्यक छ । अहिले विश्वमा १ अर्ब मानिसहरू सहकारीका सदस्य रहेको पाइएको छ । सहकारी क्षेत्रले १० करोड मानिसहरूलाई प्रत्यक्ष रोजगारको अवसर सृजना गरेको छ । युरोपमा मात्र अहिले १ लाख ६० हजार सहकारी संस्थाहरू रहेका छन् जसमा १२ करोड ३० लाख सदस्यहरू आबद्ध छन् भने यी सहकारीहरूमा ५४ लाख मानिसहरूले रोजगारी पाएका छन् । संयुक्त राष्ट्र सङ्घले सहकारीलाई देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने प्रभावकारी माध्यमको रूपमा धेरै अघिदेखि स्वीकार गर्दै आएको छ । संयुक्त राष्ट्र सङघले विशेषगरी उपभोक्ता सहकारी, खरीद सहकारी, उत्पादन सहकारी र श्रमिक सहकारीको विकासलाई उच्च महत्व दिएको पाइन्छ । सहकारी मार्फत् सामाजिक सद्भाव बलियो बनाउन पनि मद्दत मिल्दछ । गरिबी समुदायको परनिर्भरता घटाई गरीबी निवारणको अवस्था सिर्जना गर्ने बलियो माध्यमको रूपमा सहकारी देखा परेको छ । समग्र सहकारीको विकास नै असहाय र दुःख कष्टलाई सहयोग गर्ने अभिप्रायले भएको हो भन्ने स्पष्ट हुन आउँछ (ढकाल, २०६७) ।

### २.१.१ नेपालमा सहकारिताको ऐतिहासिक विकासक्रम

२००८: त्रिभुवन ग्राम विकासको औपचारिक शुरूवात

२०१०: कृषि मन्त्रालय अन्तर्गत सहकारी मन्त्रालयको स्थापना

२०१३: चितवनमा पहिलो ऋण सहकारी संस्था

२०१६: सहकारी ऐन पारित

२०१७: सहकारी नियमावली तर्जुमा, सहकारी विकास कोषको स्थापना, साझा संस्थाको स्थापना

२०१८: सहकारी तालिम केन्द्रको स्थापना, सहकारी विभागलाई तत्कालीन पञ्चायत मन्त्रालयमा सारिएको सहकारी बैङ्कको स्थापना ।

२०२२: सहकारी विभागलाई कृषि तथा भूमि सुधार मन्त्रालयमा सारिएको ।

२०२३: सहकारी बैङ्कलाई कृषि विकास बैङ्कमा रूपान्तरण गरिएको ।

२०२५: सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैङ्कलाई हस्तान्तरण ।

२०३४: ३० जिल्लाहरूका साझा कार्यक्रम सञ्चालन र व्यवस्थापन कृषि विकास बैङ्कबाट सहकारी संस्थाहरूको व्यवस्थापन समितिमा हस्तान्तरण ।

२०४०: साझा सहकारी ऐन १९४८ लागु गरिएको ।

२०४१: सहकारी विभागलाई साझा विकास विभागमा र सहकारी प्रशिक्षण केन्द्रलाई साझा विकास तालिम केन्द्रमा परिणत ।

२०४२: साझा संस्था ऐन पारित ।

२०४८: सहकारी ऐन तर्जुमा गरी लागु गरेको साझा विकास विभागलाई सहकारी विभागमा परिणत, साझा विकास तालिम केन्द्रलाई सहकारी प्रशिक्षण केन्द्रमा परिणत, साझा विकास शाखालाई जिल्ला सहकारी कार्यालयमा परिणत ।

२०५०: बचत तथा ऋण सहकारी संस्थाहरूको केन्द्रिय सङ्घको स्थापना ।

२०५६: कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालयमा परिणत ।

२०५७: साना किसान सहकारी संस्थाहरूको केन्द्रिय बैङ्कको रूपमा साना किसान बैङ्कको स्थापना ।

२०५८: सहकारी ऐन २०४८ अन्तर्गत राष्ट्रिय सहकारी बैङ्क लि. दर्ता भई कार्यक्रम सञ्चालन ।

२०६१: सहकारी विभागको संरचना परिवर्तन, ६८ जिल्लामा रहेका सहकारी कार्यालयको सङ्ख्या कटौती गरी ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयको स्थापना ।

२०६४: सहकारी विभागबाट प्रथम पटक सहकारी सङ्घ संस्था दर्ता तथा नियम मापदण्ड जारी गरी कार्यान्वयन ।

२०६८: सहकारी विभागबाट सहकारी सङ्घ संस्था दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड जारी गरी कार्यान्वयन । (सहकारी ऐनको संक्षिप्त परिचय, २०७६)

### २.१.३ सहकारीका विशेषताहरु

- व्यवसाय गर्ने तरिका
- आर्थिक क्रियाकलापको माध्यम
- सदस्य केन्द्रीत व्यवसाय
- सजिलो र दिगोपन उन्मुख उपयुक्त व्यवसायिक ढाँचा
- आफ्नै निश्चित मुल्य, मान्यता र सिद्धान्तमा आधारित संस्था
- सामुहिकता स्वामित्वमा आधारित व्यवसाय

### २.१.४ सहकारी सिद्धान्तहरु

सहकारी सिद्धान्तहरु सहकारी मुल्यलाई व्यवहारमा उतार्ने मार्ग दर्शन हुन् । अन्तराष्ट्रिय सहकारी महासंघद्वारा सन् १९९५ मा परिमार्जित निम्न सिद्धान्तहरु रहेका छन् ।

१) समुदाय प्रति चासो

२) शिक्षा, तालिम तथा सुचना

३) सदस्यहरुको आर्थिक सहभागिता

४) सहकारी बीच सहयोग

५) स्वायत्तता तथा स्वतन्त्रता

### २.१.५ सहकारीका मुल्यहरु

क) आधार मुल्यहरु

  १) आत्म सहयोग

  २) प्रजातन्त्र

  ३) समानता

  ४) ऐक्यवद्धता

  ५) स्वउत्तरदायित्व

ख) नैतिक मुल्यहरु

१) इमान्दारिता

२) अरुको हेरचाह

३) सामाजिक उत्तरदायित्व

४) खुलापन

सशक्तिकरण यस्तो प्रकृया हो । जसमा समुदायका शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुनेहरुका लागि शिक्षा चेतना तथा अधिकार र अवसरहरु प्रदान गरी क्षमता अभिवृद्धि गरिन्छ । सामाजिक न्यायबाट बञ्चित तथा पुरातन दासता र मान्यताले दबिएका महिलाहरुलाई अधिकार तथा अवसर प्रयोग गर्न सक्ने बनाउने समग्र प्रकृयालाई महिला सशक्तिकरण भनिन्छ । समुदायमा महिलाहरुलाई आर्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम र पहुँचवाल बनाउन थालिने सवलीकरण प्रकृयालाई महिला सशक्तिकरण भनिन्छ ।

सहकारीको अवधारणाको विकासको कुरा गर्दा मानव विकासको विकासक्रमसँगै विशेष गरी युरोपियन देशहरुमा औद्योगिक क्रान्तिले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । औद्योगिक क्रान्ति पश्चात गरिबीको संख्यामा बृद्धि भएपछि त्यसबाट मुक्ति दिलाउन भनी राज्यले सहकारीको अवधारणा विकास गरी गरिब, निमुखा र आय आर्जनमा प्रत्यक्ष सरोकार राख्न नसकेका व्यक्तिहरुलाई लक्षित गरी सहकारीको आन्दोलनलाई अगाडि बढाएको पाइन्छ । नेपालमा वि.सं. २००८ सालमा औपचारिक शुरुवात त्रिभुवन ग्रामीण विकास र २०१० मा खाद्य एवं कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको थियो । सहकार्यको माध्यमबाट व्यक्तिगत र सामुहिक समस्या समाधान गर्न प्रक्रिया नै सहकारीको प्रक्रिया हो ।

महिला सशक्तिकरणमा सहकारी संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ । यसले महिला विकासको लागि घरेलु व्यापार व्यवसाय एवम् उद्योग धन्दामा सिप र तालिम आदानप्रदान गरी आर्थिक क्षेत्रमा सजिलो पुऱ्याउन साथै विकासका कार्यमा पुरुष सरह महिलालाई लैजानको लागि जोड दिएको छ । (भट्टराई २०६८)

महिलालाई व्यापार व्यवसाय गर्न ऋण प्रवाह गर्नाले महिलालाई स्वरोजगार प्राप्त भई आर्थिक विकासमा सहकारीले सहयोग गरेको छ । जसले गर्दा महिलाहरु आत्मनिर्भर बन्न सकेको छन् ।

## २.२ सैद्धान्तिक अवधारणा

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासको लागि अगाडि बढाइएका विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि सोचे अनुरुपको सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्धाको रूपमा लिएको छ । लैङ्गिक विषयलाई जोड दिदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पत्तिमा अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेखनीय भूमिकाको बारेमा पनि लैङ्गिक विकासमा जोड दिइएको छ । सामाजिक लिङ्गलाई विकासका मुद्धाका रूपमा प्रतिस्थापन गर्ने कार्य तथा यसको आवश्यकताको बोधको सन्दर्भलाई हेर्दा सन् १९५० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्ने हुन्छ । ती रणनीतिहरू विकासमा हुनु । यी अवधारणाहरू समयको परिवर्तन अनुसार परिमार्जन हुदै विकास भएको पाइन्छ । जुन यसप्रकार छन्:

### २.२.१ नारीवादी सिद्धान्त

**उदार महिलावादी** सिद्धान्त

उदार महिलावाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्वपूर्ण सिद्धान्त हो । जसले महिला स्वतन्त्रता विकास र परिवर्तनलाई जोड दिन्छ । महिलाहरूमा गरिने विशेष गरी यौनजन्य हिंसा र शोषणका विरोधमा विचारको प्रवाह गर्दछ । महिलाहरूले कानुनमा नै विभेद भोग्नु परेकाले त्यसको उन्मुलनलाई जोड दिन्छ । J. Bernard M. Morica, Friendan, Alison Kessier जस्ता विद्वान्हरूको यसमा उल्लेखनीय योगदान रहेको देखिन्छ ।

महिला मुक्ति र स्वतन्त्रता सम्बन्धमा उदार महिलावादी सैद्धान्तीक विश्लेषणले निकै महत्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलालाई सामाजिक साँस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरुप निर्धारण गर्छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरू पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । त्यसैले उनीहरूको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्दछन् भन्ने मान्यता राख्दछ (ढकाल, २०६७) ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिको गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलामा प्रजनन अधिकार, समान आर्थिक अवसर, राजनैतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलावादीहरूले महिलाको अवस्था सुधार गर्न कानुनी र साँस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् । उदारवादले महिलाहरूले आफ्नै कार्य गर्ने रुची र आकांक्षाको रोजाइबाट पुरुष सरह आफ्नो क्षमता प्रदर्शन गर्न सक्दछन्। यस्तो समानतालाई आफै निरन्तर दिन सक्छन्भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुष बीच हुने व्यक्तिगत र स्वतन्त्र सम्बन्ध र अर्न्तक्रियालाई समाजमा नारी पुरुष बीच लैङ्गिक समानता ल्याउने सुरु र आधार विन्दु हो भन्ने मान्यताका आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्न सामर्थ्य हुन्छ । त्यसैले समाजको आधारभुत संरचनामा परिवर्तन नगरी नै समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (ढकाल, २०६७) ।

### आमुल महिलावादी सिद्धान्त

आमुल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरू शोषित देखिएका छन् । त्यसैले सामाजिक साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाहरूको विश्वव्यापी अवमुल्यनलाई निर्मुल पार्न महिलाको सामाजिक मुल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमुल्य महिलाबाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभाव शाली बन्यो । यसले समाजका प्रत्येक जात, वर्ण, संरचना, संस्थाका दमन विभेद र असमानता रहेकोले लैङ्गिक विभेदको अन्त्य लाई जोड दिन्छ । यिनीहरूका अनुसार लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ता अर्न्तगतको सामाजिक सम्बन्ध हो । महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यसै अनुरुपका सामाजिकीकरण हस्तान्तरण हुने गर्दछ । आमुल महिलावादी सम्प्रदायले विश्वव्यापी रुपमा रहेको पितृसत्तात्मक परिवारमा सामाजिक, साँस्कृतिक, आर्थिक, मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरूबाट हुने प्रत्येक विभेद, असमानता, दमन हिंसा आदि पक्षलाई निकै व्यापक उठाएको छ । महिला विरुद्धका हिंसाका घटनाहरू पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको

प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछन् भन्ने आमुल महिलावादीहरूको भनाई रहेको छ ।

महिला मुक्तिका लागि क्रान्तिकारी सोच र संरचनागत परिवर्तनका यसले जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरूको शोषण भएको छ । यसका कारक तत्व खोज्दै, जनचेतना जगाउने पुरुषसँगको निर्भरता घटाउने महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्न, महिलाको नेतृत्वमा रहने कार्यक्रम सञ्चालन गर्ने, घरायसी झन्झटपूर्ण कार्यबाट छुटकरा दिलाउने सबालमा जोड दिन्छ (ढकाल, २०६७) ।

## २.२.२ महिला र विकास अवधारणा

महिला र विकास अवधारणामा विकासका प्रत्येक तह र प्रक्रियामा पुरुष सरह महिलाको पनि समान सहभागिताको अभिवृद्धिमा जोड दिइयो । यसै स्रोतको समान वितरणको परिपाटि समान पहुँच, उत्पादनका साथै पुर्नउत्पादनमा जोड दिई महिला चेतना, जागरण, अभियान तथा समान अवसरमा जोड दिएको छ । महिलाहरु विकासका कार्यमा पुरुष सरह कार्य गर्दै आएका छन् । महिलाहरु पुरुषसँग परनिर्भर नभई आत्मनिर्भर हुन पनि प्रेरित गरेको छ । सामाजिक कुप्रथा, प्रचलित, मान्यता तथा पितपृसत्तात्मक दृष्टिकोणलाई हटाई महिलाहरुको आर्थिक, सामाजिक उन्नतिमा जोड दिएको छ । विकासका कार्यमा महिलाहरुलाई आर्थिक सामाजिक उन्नतमिा जोड दिएको छ । विकासका कार्यमा महिलाहरु पुरुष सरह परनिर्भर नभई सहकारीको मार्फतबाट विभिन्न किसिमका रोजगार मुलक सिप तथा तालिम हाँसिल गरी विना धितो ऋण लिएर केही लगानी गरी आफ्नो आर्थिक पक्ष सवल बनाउन सक्षम बन्ने समूहमा बसेर कार्य गर्ने समूहका समस्याको समाधान गर्ने बानीको विकास भएको छ । जसले गर्दा महिलाहरु आत्मनिर्भर बन्न सहयोग पुगेको छ, (श्रेष्ठ, २०७७) ।

सहकारीमा आवद्ध महिला सदस्यहरूले घरमा पनि महिलाको हक, अधिकारको बारेमा कुरा उठाउने गरेको र समाजमा पनि महिला विरुद्ध हुने हिंसा थिचोमिचोको बारेमा कुरा उठाउने गरेको पाइयो । महिलाहरू पुरुषसँग निर्भर बन्न नपरोस भन्न आफूसँग भएको रकम जम्मा गरेर बचत गरी र केही ऋण सहकारी मार्फत लिएर कृषिमा लगानी गरेको, व्यापार व्यवसायमा लागनी गरी आत्मनिर्भर बन्नेतर्फ उन्मुख रहेको पाइयो । महिलाहरूले आफूहरूको नेतृत्वमा रहेर महिला सहकारी सञ्चालन गरिरहेका छन्।

## समाजवादी सिद्धान्त

समाजवादी महिलावादलाइ मार्क्सवादी तथा उदार महिलावादको संश्लेषणको रुपमा लिइन्छ । समाजवादी महिलावादीहरूले पूँजीवादी उत्पादन सम्बन्धले पुरुष कामदारको श्रमको शोषण गर्दछ भन्दछन् । महिलालाई नाफाको अतिरिक्त र सुलभ स्रोतका रुपमा उत्पादन कार्यमा संलग्न गराउन सामन्ती पूँजीवाद संस्कृति पनि त्यतिकै जिम्मेवार छ । महिलाहरू श्रृङ्गारका वस्तु, दास, विज्ञापन, पुरुष सत्तात्मक र उपभोग्य वस्तुका रुपमा परिणत हुनुमा पूँजीवादी प्रणालीले सिर्जना गरिएको बाध्यात्मक स्थिति जिम्मेवार छ । आधुनिक पूँजीवाद समाजले महिलाहरूलाई फेसनका वस्तुहरू सौन्दर्य साधन उपभोग गर्ने वस्तुका रुपमा स्थापित हुन विवश बनाएको छ । समाजवादी महिलावादीहरू समाजको सामाजिक र साँस्कृतिक संरचनाका कारणले यस्तो भएको हो भन्दछन्, (श्रेष्ठ, २०७७) ।

समाजवादी नारीवादको सम्बन्ध वा सरोकारको विषय नारी एवम् पुरुष दुवैद्वारा गरिएको सबै प्रकारको उत्पीडनको अनुभवसँग देखिन्छ । यिनीहरूले एउटी नारी जो स्वयं उत्पीडित भएकी छन् अर्की नारीको उत्पीडनमा कस्तो प्रकारले भागीदार हुन्छिन् र नारीहरू आफु दमित एवं उत्पीडित भइसकेको हुँदाहुँदै पनि अन्य नारीहरू माथि दमन एवम् उत्पीडन गर्छन् भन्ने तथ्यको खोजी गर्दछन् । समाजवादी नारीवादले ठूला र साना सबै प्रकारका उत्पीडत एवम् दमित समुहलाई शोषणबाट मुक्ति दिलाउनमा रुचि राखेको देखिन्छ । समाजमा नारी र पुरुषको समान भूमिका हुनुपर्छ । अतः नारी र पुरुषको सहमतिद्वारा नै नयाँ समाजको सिर्जना गर्न सकिन्छ । नारीहरूसँग सहमतिद्वारा नै विभिन्न वर्गहरूको अन्त्य हुन सक्दछ । यसवादले पितृसत्ता र यसका कार्यहरूको विश्लेषण गर्दछ । पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो र यो निजी स्वामित्वको उत्पत्ति हुनुभन्दा पहिले नै अस्तित्वमा आएको हो । निजी सम्पत्तिको अन्त्य सँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैनन्। महिलालाई असमान ज्याला दिइएको छ बढी समय काम गर्छन् कम उत्पादन शिल कार्यमा उनीहरू संलग्न छन् जुन व्याख्या समुदाय सापेक्ष गरिने आवश्यक छ (श्रेष्ठ, २०७७) ।

## मार्क्सवादी सिद्धान्त

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्जेल्सको कृति “ओरिजिन अफ दी फ्यामिली, प्राइभेट प्रोपटी एण्ड दी स्टेट १८८४” लाई लिन सकिन्छ मार्क्सवादीहरूले महिला र पुरुष बीच सिर्जित जति पनि असमानता विभेद

छन्। जुन जैविक कारण र ईश्वरीय कारणले भएको नभई समाजको आर्थिक सम्बन्धका उपज भएका बताउँछन् । यिनीहरूका अनुसार उत्पादन प्रणालीको विकास तथा समाजमा सम्पत्ति माथिको व्यक्तिगत स्वामित्वको कारणले समाजमा लैङ्गिक विभेदहरू सिर्जना भएका छन् । महिलाहरू पुरुष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरुषका बिच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोत माथि पुरुषको नियन्त्रणले व्यापकता पाउँदै गरेको र यो क्रम पूँजीवादी अर्थव्यवस्थासम्म आइपुग्दा अरु बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादीको रहेको छ (श्रेष्ठ, २०७७) ।

यस महिलावादले मार्क्सवादी धरातलमा टेकेर मार्क्सलाई आलोचना गर्दै मार्क्सकै धारणामा विश्लेषण गर्दछ । समाजको इतिहास भनेको नै वर्ग संघर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग वर्ग बीच मात्र संघर्ष नभएर शोषित र शोषण गर्ने समुह बीच मात्र संघर्ष नभएर महिला र पुरुष बीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन्। यसले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिला माथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाइ राख्दछ । यस प्रकारको महिलामाथिको दमन अत्याचार नयाँ शोषण खास गरी पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको मार्क्सवादी महिलाहरूको रहेको छ । निजी सम्पत्तिको अवधारणाको विकाससँगै उत्पादन, व्यवसायमा पुरुषमा सहयोगीका रुपमा महिलालाई परिभाषित गरियो । सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्बद्धनका लागि छोरा जन्माउने मेसिनको रुपमा महिलालाई लिन थालियो । महिलाहरू घर भित्रकै धन्दामा सीमित गरिए अथवा कमसल कार्यमा कम ज्यालामा लगाए । पूँजीवादी समाजको उदयसँगै महिलाहरूले असमानता, दमन, अत्याचार सहनुपर्‍यो । कार्लमार्क्सले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पुँजीवादी समाजमा जसरी पूँजीपतिहरूले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रम जीवी जस्तै हुन्छन् ।

मार्क्सवादी महिला र पुरुष बीचको सम्बन्ध बैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरूमाथि रहेका सामाजिक आर्थिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्ति माथिको पहुँच बढी मजबुत पार्नु पर्ने तथ्यमा जोड दिन्छन्। महिलाहरूमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्छ भन्दछन् । मार्क्सवादी महिलावाद अनुसार समाजको

विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरुरी छ त्यसरी नै लैगिंक आधारमा पनि विश्लेषण गर्न आवश्यक देखिन्छ । समाजको पूँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यका रुपमा गणना गरिएको छैन (खत्री, २०७८) ।

मार्क्सवादले महिलाहरूलाई अनुत्पादनमुलक कार्यमा प्रयोग गरिएको छ भनेको छ त्यस्तैगरी सहकारीमा आवद्ध महिलाहरू मध्ये सतप्रतिशत जागिर तथा व्यापार व्यवसायमा आवद्ध नरहेको र घरायसी काममा व्यस्त रहेको पाइयो । व्यापार व्यवसायमा लागेका महिलाहरू पनि घरायसी सम्पूर्ण कार्यहरू सकेपछि मात्र जागीर तथा व्यापारमा जाने गरेको र जागिरबाट फर्केपछि पनि घर धन्दामा व्यस्त रहेको पाइएका छन् ।

### २.२.१ विकासमा महिला अवधारणा

विकासमा महिला अवधारणा १९९० खास गरी अमेरिकी उदारवादी महिलाहरुले सन् १९७० को दशकपछि अघि सारेको अवधारणा हो । जसमा महिलाहरुको समस्यालाई जोड दिँदै समस्त विकास कार्यमा महिलाको संलग्नतालाई जोड दिइयो । यसैगरी स्रोतहरु माथि महिलाहरुको पहँच बढाई उनीहरुलाई समेट्न सकिएमा महिला पुरुषबीच रहेको असमानता हटाई समतामा आधारित समाजको निर्माण गर्न सकिने तथ्यमा यस अवधारणाले जोड दिन्छ । यसका साथै तालिम, शिक्षा, स्वास्थ्य तथा आधारभूत आवश्यकताको परिपूर्तिमा बढी जोड दिन्छ । महिलाहरु सहकारीमा संलग्न भई बिना धितो ऋण प्राप्त गरी विभिन्न आयमूलक कार्यमा संलग्न भई विकासका कार्यमा अघि बढ्न सक्छन् । विभिन्न सिप मुलक तालिमहरु पनि प्राप्त गरी स्वरोगजार तर्फ उन्मुख हुन सहकारीले सहयोग प्रदान गरेको छ । आर्थिक क्षेत्रमा पहुँच पुगेपछि मात्र महिलाहरुको विकास सम्भव छ ।

विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई सहमति गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १८७० को महिला र विकास नामक अवधारणा देखा पऱ्यो । आधुनिकीकरणको सिद्धान्त अनुसार सञ्चालित विकासको रणनीतिले अविकसित मुलुकमा नकारात्मक असर पऱ्यो । केन्द्रबाट पृष्ठतर्फ अर्थात्माथिबाट तल तर्फ जाने विकासको रणनीतिले गरिब राष्ट्रको विकासले गति लिन सकेन । यिनै पृष्ठभूमिलाई आधार मानेर परनिर्भरताको सिद्धान्त देखा पऱ्यो । यस सिद्धान्त धनी र गरीब राष्ट्र बिच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरे जस्तै यसैलाई

आधार मानी अवधारणाको समाजमा पुरुष र महिलाबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारणा सार्‍यो । महिला र पुरुषबीच असमान सम्बन्ध रहेको हुँदा महिला र पुरुषबीचमा शोषित र शोषक, पीडित र पीडकको सम्बन्ध कायम रहेको छ । जाति, वर्ग, स्थान र समाज अनुसार सम्बन्ध पनि फरक-फरक रहेको छ (श्रेष्ठ, २०७७) ।

विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण महिला निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू-बालविवाह, बहुविवाह, कुटपिट, यौनशोषण, यौन दुराचार, बेचविखन, भेदभाव, दास प्रथा, सती प्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा शारीरिक तथा मानसिक प्रभाव पारिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग गर्न बाधा पुर्‍याएका छन्। सार्वजनिक जीवनमा सहभागी हुन बाधा पुर्‍याएका छन् ।

त्यसैले महिला विरूद्ध सबै खाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमका भूमिकाको पहिचान गरिनुपर्दछ । सम्पत्तिमा महिलाको पहुँच हुनुपर्ने, सम्पत्ति पूर्ण विवरण हुनुपर्ने, उत्पादनका साथै पुनउत्पादनमा जोड र विकास प्रक्रियामा महिलाको सवाललाई व्यवस्थित पार्ने, महिला चेतना, जागरण अभियान तथा प्रचार प्रसारलाई जोड दिँदै समान अवसरमा जोड दिइएको छ । महिला केन्द्रित विकास मात्र भन्दा विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्ने तथ्यमा यस अवधारणाले जोड दिएको छ ।

## २.३ पुर्व साहित्यको समिक्षा

सहकारीको जन्म समस्या हुने गरेको पाइन्छ । प्रोफेसर अमर्त्य सेनले भनेका छन्“अकाल, वस्तु उत्पादनको न्यूनताका कारण मात्र हुँदैन उत्पादित बस्तुमाथि उत्पादनमा भाग लिने संकटग्रस्त समुदायको अधिकार रहने भने विकराल अवस्था हुन सक्दछ । हजारौ ठूला अन्न भण्डारकै छेउछाउमा अन्नको दाना नपाएर भोकभोकै मरेका मानिसहरूको लस्कर बंगालमा मैले देखेको छु ।” सामाजिक न्यायको लागि उत्पादकत्व वृद्धिका लागि दिगो विकासका लागि आधारभूत तहका आर्थीक क्षेत्रमा लोकतन्त्र स्थापित गर्नका लागि सहकारी महत्वपूर्ण आर्थिक आधार हुने गर्दछ, (बराल, २०७६) ।

भट्ट, (२०७७) ले सहकारीले महिलाको आर्थिक तथा शैक्षिक जनजिवनमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार पारेका रहेछन्, यस अध्ययन मुलतः महिलाहरुको सहकारीमा संलग्नता र यसले उनिहरुको आर्थिक जनजिवनमा पारेको प्रभावसँग केन्द्रित रहेछ । सहकारीमा संलग्नता पश्चात महिलाहरुको आर्थिक जनजिवनमा धेरै प्रगति भएको रहेछ । महिलाहरुको उत्थानका लागि गरिएका सेवा सुविधा मार्फत महिलाहरु क्रमिक रुपले उद्यमशिलता तर्फ अग्रसर भएका, महिलाहरुको सामाजिक सहभागीता तथा निर्णय क्षमतामा समेत उल्लेखनिय सुधार भएको उल्लेख गरिएको छ । समग्रमा सहकारीले महिलाहरुको आर्थिक जनजिवनमा सकारात्मक प्रभाव परेको उक्त अध्ययनको निष्कर्ष रहेको थियो ।

आचार्य, (२०७७) ले सहकारीले महिलाको आर्थिक तथा शैक्षिक जनजिवनमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार पारेका रहेछन्, यस अध्ययन मुलतः महिलाहरुको सहकारीमा संलग्नता र यसले उनिहरुको आर्थिक जनजिवनमा पारेको प्रभावसँग किन्द्रत रहेछ । सहकारीमा संलग्नता पश्चात महिलाहरुको आर्थिक जनजिवनमा धेरै प्रगति भएको रहेछ । महिलाहरुको उत्थानका लागि गरिएका सेवा सुविधा मार्फत महिलाहरु क्रमिक रुपले उद्यमशिलता तर्फ अग्रसर भएका, महिलाहरुको सामाजिक सहभागीता तथा निर्णय क्षमतामा समेत उल्लेखनिय सुधार भएको उल्लेख गरिएको छ । समग्रमा सहकारीले महिलाहरुको आर्थिक जनजिवनमा सकारात्मक प्रभाव परेको उक्त अध्ययनको निष्कर्ष रहेको थियो ।

नेपालको अधिकांश जनताहरु गरिवी छन् । ति मध्ये गरिब महिलाहरु नै बढी छन् । एकदशक लामो आन्तरिक द्वन्द्वका कारण धेरै ग्रामीण महिलाहरु विस्थापित हुन पुगेका छन् । विस्थापित महिलाहरुको थप संस्थाले गर्दा देशको जनसंख्याको एउटा ठुलो वर्ग महिलाहरु अति गरिबीको अवस्थामा बाच्न बाध्य छन् । गरिब महिलाहरुको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरुलाई त्यसमा सहभागी तुल्याई सहकारी व्यवसायको माध्यमबाट उनीहरुलाई सशक्त बनाउन अति आवश्यक भएको छ । विश्वका करोडौं मानिसलाई रोजगारी दिन र प्रजातान्त्रिक प्रक्रियाबाट आफ्ना विकास आफैले गर्ने मौका प्रदन गर्न सहकारी अभियान सफल भएको छ । जनाताले आफ्नो लागि आफैद्वारा शासन चलाउने प्रजातन्त्रको मुलस्वरुप तथा मान्यतालाई अँगालेको सहकारी अभियानको आवश्यकता २१ औं शताब्दीमा अझ बढी हुन पुगेको छ । देशको निर्णय प्रक्रिया र नेतृत्वमा नेपाली महिलाको ३३% सहभागी रहेको आजको स्थितिमा

सहकारी माध्यमबाट अझ बढी भन्दा बढी महिलाहरुलाई निर्णय र नेतृत्व तहमा काम गर्ने मौका प्रदान गर्न सकिन्छ (ढकाल २०६६) ।

समाजमा अशक्त, पछि परेका महिला सामाजिक, सांस्कृतिक रुपमा दवाइएका तथा शोषित महिलाहरुलाई क्षमतावान बनाई अवसर र अधिकार प्राप्त गर्न सक्ने बनाउनु महिला सशक्तिकरण हो । महिलालाई आर्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम र पहुचवाला बनाउने प्रक्रिया यस अन्तर्गत पर्दछ ।


वभिन्न सन्दर्भ साहित्यहरूको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको महिला र पुरुष बीचको भेदभावलाई समाजले कसरी हेरेको छ भने समाजले हेर्ने दृष्टिकोणको विश्लेषण गरिएको पाइएको छ । देशमा रहेका महिलाहरूको शैक्षिक स्तर हेर्ने हो भने पनि अझै पनि सोचे जस्तो बनाउन सकिरहेको छैन । विशेष गरी महिनाको आर्थिक स्तर वृद्धि गर्न सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय सञ्चालन गरी तिनीहरूको आीर्थक स्तर उकास्न खोजिएको छ भन्ने भनाइहरू पाउन सकिन्छ । महिनाहरूले बचत तथा ऋण सहकारी स.स्था खोल्ने, बचत सङलन गर्ने ऋण प्रदान गर्ने, ऋण लिएर विभिन्न पेशाहरू सञ्चालन गरी त्यसबाट मनग्य फाइदा कमाएको पाइएको छ । सहकारीको माध्यमबाट साना जलविद्युत आयोजनाको निर्माण गरी बिजुलीको सुविधा लिएको पाइएको छ । त्यस्तै सामूहिक खेतीपातीको व्यवस्था गर्ने देखि लिएर महिला हितको लागि विभिन्न खालका आर्थिक तथा सामाजिक प्रगतिका कार्यक्रम गरेको पाइन्छ । यस्ता खालका कार्यक्रमहरूले समग्रमा त्यसबाट महिलामात्र लाभान्वित नभई अप्रत्यक्ष रुपमा पुरुष पनि त्यतिकै लाभान्वित भएको पाइन्छ ।

## २.४ अवधारणात्मक खाका

महिला सशक्तिकरणको लागि विकासमा महिला अवधारणा अनुसार महिलाहरुलाई सक्षम, सवल, आत्मनिर्भर बनाउनको लागि र महिलाको पुरुष सरह सर्वाङ्गिण विकास गरी हक, अधिकार सुनिश्चित गर्नको लागि अघि सारिएको अवधारणा हो । सहकारी महिला सशक्तिकरणको लागि सहयोग कार्यक्रमको रुपमा अघि सारिएको छ ।

सहकारी मार्फत महिलाहरुलाई समूहमा सहभागी गराई उनीहरुमा भएका ज्ञान, सिप, आदानप्रदान गरी स्थानीय स्तरमा भएका स्रोत साधनलाई प्रयोग गर्दे आर्थिक स्थिति मजवुद

बनाउनको ज्ञान बढाउने तालिमहरुको व्यवस्था गर्न आत्मविश्वासको वातावरण सिर्जना गर्ने, निर्णय प्रक्रियाहरुमा अगाडी बढाउने जस्ता क्रियाकलापहरु संचालन गरी महिलालाई सशक्त बनाउँदै आएको छ । यसरी महिलालाई सशक्त बनाउनको लागि सहभागिता आर्थिक पक्ष, शैक्षिक पक्ष, आत्मविश्वास, चेतना निर्णय प्रक्रिया, स्रोत र साधनमा पहुँच आदिमा बढी जोड दिएको छ । जसले गर्दा महिलाहरु पुरुषहरुसँग परर्निभर नभई जसले गर्दा महिलाहरु पुरुषहरुसँग परनिर्भर नभई आत्मनिर्भर बन्न प्रेरित गरेको छ । जस अन्तर्गत निम्न कुराहरु पर्दछन् ।



# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अनुसन्धनको क्षेत्र पोखरा महानगरपालिक वडा नं. १९ लामाचौरमा अवस्थित जनहित बचत तथा ऋण सहकारी संस्थामा आबद्ध महिलाहरुको आर्थिक, सामाजिक अवस्थालाई हेर्न खोजिएको छ । यस क्षेत्रमा महिलाले गरेको कार्यको कुनै पनि क्षेत्रबाट अध्ययन अनुसन्धन नभएको हुनाले यस सहकारी संस्थालाई अध्ययन क्षेत्रमा छनोट गरिएको छ । यस अध्ययनको परिणामले आउँदा दिनहरुमा महिलाको आर्थिक, सामाजिक अवस्थाको बारेमा अध्ययन गर्नु यसको औचित्य रहेको छ ।

## ३.२ समग्रता र नमूना छनोट विधि

यस अनुसन्धानमा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । जसले महिलाको आर्थिक, सामाजिक र संस्कृति स्थितिको बारेमा गहन अध्ययन गर्न सघाउँ पुगेको छ । यस अनुसन्धानको क्षेत्रमा कूल ६६८ जना शेयर सदस्यहरु मध्य ३६० जना महिला सदस्यहरुबाट उद्देश्मुलक नमूना छनोट विधिको प्रयोग गरी २५ प्रतिशत ले हुन आउँने ९० जना महिलाहरुलाई नमूनाको रुपमा छनोट गरिएको छ ।

## ३.३ अनुसन्धान ढाँचा

यस अध्ययनमा सकंलित सुचना वा तथ्याङ्कलाई खोजपूर्ण एवम् विश्लेषणात्मक ढाँचामा आधारित अनुसन्धान गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि प्राथमिक तथा द्धितिय दुवै प्रकृतिका विधिहरु प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । साथै तथ्याङ्क संकलन गर्नका लागि व्यत्तिगत अध्ययन, अवलोकन समुह केन्द्रित छलफल, अन्तवार्ताअनुसुचि तथा द्धितिय स्रोतहरु जस्तैः सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलयका बार्षिक अङ्क लेख रचना, समाजशास्त्री, मानवशास्त्री पुस्तक, ग्रन्थ आदी प्रयोग गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधिहरु

यस अनुसन्धानमा प्राथमिक तथ्याङ्कको स्रोत प्रयोग गरिएको । जस अन्तर्गत अन्तवार्ता सूची अवलोकन तथा सहकारिका सम्बन्धित व्यक्तिहरुसंगको छलफल मार्फत सुचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

### क) अन्तरवार्ता अनुसुची

विभिन्न उमेर समूह जात-जातीका विभिन्न खालका कार्यमा आवद्ध भएका महिलाहरु वडागत रुपमा विभिन्न उमेर समूहका ९० जना महिलाहरुको बारेमा अध्ययन गरिएको छ । जसकबाट १८ देखि ३० वर्षसम्मका ३८ जना र ३१ देखि ४० वर्षसम्मका २३ जना, ४१ देखि ५० वर्षसम्मका १८ जना र ५१ देखि ६० वर्षसम्मका ८ जना र ६० भन्दा माथि ३ जना महिलालाई प्रत्यक्ष भेटी अध्ययन गरिएको  छ ।

### ख) अवलोकन

विभिन्न उत्तरदाताहरु सँग बारम्बार गहन अन्तवार्ता लिने कममा उनिहरुको परिवारको भुमिका, स्तर र परिवर्तत भएका आर्थिक पक्षहरु बुझ्नका लागि उनीहरुसँग अवलोकन गरिएको छ ।

### ग) समूहगत छलफल

जनहित बचत तथा ऋण सहकारी संस्थाको मासिक नियमित कार्यकममा सहभागि भएर कार्यसमिति सगँ समुहगत छलफल गरि आवश्य तथ्याङ्कहरु तथा सुचनाहरु लिइएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा सहकारी संस्थाको नियमित कार्यकम तथा ऋण समितिको कार्यकम र सहभागिता व्यक्तिहरुसगँ महिला सशक्तिकरणको बारेमा सहकारीले गरेका विभिन्न कार्यक्रमहरुबारे छलफल गरी जानकारी गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

जनहित बचत तथा ऋण सहकारीमा संम्लग्न महिलाहरुको विचार उनीहरुको अनुभवलाई आधार मानेर यो अध्ययन गरिएको छ । सबै संकलित सूचनाहरु, तथ्याङ्कहरु जम्मा गरी तालिकीकरण र व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको सामाजिक र आर्थिक जनसाङ्ख्यिक विवरण

## ४.१ उत्तरदाताहरुको वैवाहिक स्थिति

वैवाहिक स्थितिले पनि मानिसको व्यवहारमा प्रभाव पर्दछ । अविवाहित व्यक्तिमा जिम्मेवारी बोझ कम हुने भएकाले बचतमा त्यति ध्यान नपुगेको हुन सक्छ । नमूना छनौट भएका उत्तरदाताहरूको वैवाहिक स्थिति के कस्तो रहेछ ? भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.१:- उत्तरदाताहरुको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ६७ | ७४.४४ |
| अविवाहित | २३ | २५.५६ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तलिका ४.१ मा उत्तरदाताहरुको वैवाहिक अवस्थालाई प्रस्तुत गरिएको छ । जस मध्य ७४.४४ प्रतिशत उत्तरदाता विवाहित रहेछन् भने २५.५६ प्रतिशत उत्तरदाताहरु भने अविवाहित रहेको पाईयो । यसबाट अधिकांश उत्तरदाताहरु विवाहित रहेको प्रष्ट हुन्छ ।

## ४.२ उत्तरदाताहरुको उमेर समुहको विवरण

यस अध्ययनमा छनौट गरिएका उत्तरदाताहरु १८ बर्ष भन्दा माथी भएकाले ९० जना उत्तरदाता महिलाहरुलाई विभिन्न उमेर समुहमा विभाजन गरी अध्ययन गरिएको छ । जसलाई तलको तालिकामा स्पस्ट रुपमा देखाइएको छ ।

**तालिका ४.२:- उत्तरदाताहरुको उमेरसमुहको विवरण**

| उमेर समुह | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| १८-३० | ३८ | ४२.२२ |
| ३१-४० | २३ | २५.५६ |
| ४१-५० | १८ | २०.०० |
| ५१-६० | ८ | ८.८९ |
| ६० भन्दा माथि | ३ | ३.३३ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका नं. ४.२ मा उत्तरदाता महिलाहरुको उमेर समुहको विवरण उल्लेख गरिएको छ । जस अनुसार १८ देखि ३० वर्ष उमेरका महिला ४२.२२ प्रतिशत, ३१ देखि ४० वर्ष उमेरका महिला २५.५६ प्रतिशत, ४१ देखि ५० वर्ष उमेर समूहका महिला २०.०० प्रतिशत, ५१ देखि ६० वर्ष उमेर समूहका महिला ८.८९ प्रतिशत रहेका थिए भने ६० वर्षभन्दा वढि उमेर समुहका मात्र ३.३३ प्रतिशत रहेको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भने सहकारीमा आवद्ध अधिकांश महिलाहरु १८ देखि ३० उमेर उमेर समुहका सक्रिय महिला रहेछन् ।

## ४.३ उत्तरदाताहरुको शैक्षिक विवरण

शिक्षा मानव जिवनको तेस्रो आँखा हो । शिक्षाले मानिसलाई के सहि के गलत, के गर्ने के नगर्ने भन्ने कुरामा सचेत गराउँदै मानिसहरुमा असल चरित्र र व्यवहारको विकास गराउँदछ । फोहरमैला र यसको प्रभावको सम्बन्धमा गरिएको यस अध्ययनको अध्ययन क्षेत्रका उत्तरदाताहरुको शैक्षिक अवस्थाको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.३:- उत्तरदाताहरुको शैक्षिक योग्यताको विवरण**

| शैक्षिक योग्यता | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ५ | १०.७७ |
| १ देखि १० | ३१ | ३२.३१ |
| ११ देखि १२ | ३८ | ३६.९२ |
| स्नातक | १६ | २०.०० |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका नं. ४.३ मा उत्तरदाताहरुको शैक्षिक योग्यताको विवरण प्रस्तुत गरिएको छ । जसमध्ये अशिक्षित १०.७ प्रतिशत, १ देखि १० सम्म अध्ययन गन ३२.३१ प्रतिशत, ११ देखि १२ अध्ययन गर्ने ३६.९२ प्रतिशत रहेको पाइयो भर्ने स्नातक तह अध्ययन गर्ने २० प्रतिशत रहेको देखिन्छ । यो तथ्याङ्क अनुसार अशिक्षित र १ देखि १० भन्दा स्नातक माथि अध्ययन गर्नेको संख्या कमि छ । तर उच्चतम रुपमा ११ देखि १२ अध्ययन गर्नेको संख्या वढी देखियो । तसर्थ अध्ययनमा के देखिन्छ भने अहिले वर्तमान नेपाली समाजमा महिला शिक्षा प्रति उदार देखिन्छ । यसको प्रभाव यहाँका महिलाहरुमा पनि परेको देखिन्छ । अर्थात स्नातक तहभन्दा माथि अध्ययन गर्ने संख्या कम हुनु भनेको महिलाहरु विवाह पश्चात अध्ययनमा रोकावट भएको संकेत भने देखिएको छ ।

## ४.४ उत्तरदाताहरुको धर्म सम्बन्धी विवरण

नेपालमा रहने बहुसाङ्किक नेपालीहरू धेरै हिन्दु धर्म मान्ने गर्दछन् । यद्यपी यो राष्ट्र धर्म निरपेक्ष राष्ट्र भएको हुनाले अन्य धर्म मान्ने मानिसहरू पनि रहेका छन् जसमा वौद्ध धर्म, इस्लाम धर्म, क्रिश्चियन धर्म मान्ने मानिसहरू पनि रहेका छन् । छनोटमा परेका घरधुरीको धार्मिक अवस्था तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.४:- उत्तरदाताहरुको धर्म सम्बन्धी विवरण**

| धर्म | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ७२ | ८०.०० |
| बौद्ध | ९ | १०.०० |
| क्रिस्चियन | ६ | ६.६७ |
| अन्य | ३ | ३.३३ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका नं. ४.४ मा उत्तरदाताहरुको धर्म सम्बन्धी विवरण दिइएको छ। जस अनुसार हिन्दु धर्म मान्ने ८० प्रतिशत रहेको पाइयो भने बौद्ध धर्म मान्ने १० प्रतिशत रहेछन् । त्यसैगरी क्रिस्चियन धर्म मान्ने उत्तरदाताहरु ६.६७ प्रतिशत रहेछन् । भने बाँकी ३.३३ प्रतिशत उत्तरदाताहरुले अन्य धर्म प्राकृतिक, इसाई, किरात रहेका छन् । यसबाट के प्रस्ट हुन्छ भने सहकारीमा आवद्ध महिलाहरु मध्य अधिकांश उत्तरदाताहरु हिन्दु धर्म मान्ने रहेछन् ।

## ४.५ उत्तरदाताका पेशागत विवरण

पेशाका आधारमा मानिसको आम्दानी निर्भर हुन्छ । व्यापार/व्यवसायलाई राम्रो मान्ने संस्कतिमा यसले मानिसको लवाइ खवाइ, रहनसहन आदि के कस्तो छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ । नमूना छनौट भएका संस्थाका सद स्यहरूमा कुन कुन पेशा अपनाउने मानिस रहेछन्भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.५:- उत्तरदाताहरुको पेशा सम्बन्धी विवरण**

| पेशा | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३० | ३३.३३ |
| व्यापार | ४३ | ४७.७८ |
| नोकरी | ९ | १०.०० |
| गृहणी | ८ | ८.८९ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका नं. ४.५ मा उत्तरदाताहरुको पेशासम्बन्धी विवरण दिइएको छ। जस अनुसार ९० जना उत्तरदाता मध्य ३३.३३ प्रतिशत कृषि पेशामा ४७.७८ प्रतिशत व्यापार पेशामा रहेको पाइयो। नोकरीमा संलग्न उत्तरदाता १० प्रतिशत रहेको पाइयो भने बाँकी ८.८९ प्रतिशत उत्तरदाताहरु गृहणी पेशामा संलग्न रहेछन्। यसबाट के प्रस्ट हुन्छ भने सहकारीमा आवद्ध महिलाहरु मध्य अधिकांश उत्तरदाताहरु क्रमस व्यापार र कृषि पेशामा संलग्न रहेछन्।

# अध्याय : पाँच

# सहकारीमा संलग्न महिलाहरुको समाजिक आर्थिक अवस्थाको परिवर्तन

## ५.१ उत्तरदाताहरुको सहकारीमा संलग्न रहेको अवधि

उत्तरदाताहरुको सहकारीमा संलग्न रहेका उत्तरदाताहरु सहकारीमा संलग्न रहेका अवधिलाई जनाउँछ । प्रस्तुत अध्ययनमा छनौट गरिएका उत्तरदाताहरुबाट यस सम्बन्धमा प्राप्त जानकारीलाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.१ः- उत्तरदाताहरुको सहकारीमा संलग्न रहेको अवधि**

| **अवधि** | **उत्ततरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| १ बर्ष भन्दा कम | १९ | २१.११ |
| १ देखि ३ बर्ष | १४ | १५.५६ |
| ३ देखि ५ बर्ष | ३५ | ३८.८९ |
| ५ बर्ष भन्दा बढि | २२ | २४.४४ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका नं. ५.१ मा उत्तरदाताहरुको सहकारीमा संलग्न रहेको अवधिसम्बन्धी विवरण उल्लेख गरिएको छ । जस अनुसार ९० जना उत्तरदाता मध्य १ बर्ष भन्दा कम अवधि हुने २१.११ प्रतिशत १ देखि ३ बर्ष अनुभव हुने १५.५६ प्रतिशत, ३ देखि ५ बर्ष अनुभव हुने ३८.८९ प्रतिशत र ५ बर्ष भन्दा बढि अवधि हुने २४.४४ प्रतिशत रहेको पाइयो । यसबाट के प्रस्ट हुन्छ भने सहकारीमा आवद्ध महिलाहरु मध्य अधिकांश उत्तरदाताहरु को सहकारीमा संलग्न अवधि ३ देखि ५ बर्ष रहेछ ।

## ५.२ उत्तरदाताहरुलाई सहकारीमा लाग्ने प्रेरणा

कुनैपछि क्षेत्रमा अवद्ध हुन व्यक्तिलाई कहिन्ँ कहिँबाट प्रेरणा वा जानकारी प्राप्त भएको हुनुपर्दछ । उत्तरदाताहरुहरुलाई सहकारीम हुनलाई कहाँबाट प्रेरणा प्राप्त भयो भन्ने सम्बन्धी विवरणलाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.२ः- उत्तरदाताहरुलाई सहकारीमा लाग्ने प्रेरणा**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| छिमेकी | २५ | २७.७८ |
| इष्टमित्र | १७ | १८.८९ |
| आफै | २५ | २७.७८ |
| श्रीमान | २३ | २५.५६ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तलिका ५.२ मा उत्तरदाता महिलाहरु सहकारीमा संगग्न हुन को बाट प्रेरित भए भन्ने कुरालाई उल्लेख गरिएको छ । जसमा छिमेकीबाट प्रेरित हुने २७.७८ प्रतिशत, इष्टमित्र बाट प्रेरित हुने, १८.८९ प्रतिशत, आफै प्रेरित हुने २७.७८ प्रतिशत र बाँकी २५.५६ प्रतिशत उत्तरदाताहरु भने श्रीमानबाट प्रेरित भएका रहेछन् । यसबाट के प्रष्ट हुन्छ भने अधिकांश महिलाहरु छिमेकी आफैँ पनि र श्रीमानबाट प्रेरित भएर सहकारीमा संलग्न रहेको कुरा बुझ्न सकिन्छ ।

## ५.३ महिलाहरु सहकारीमा लाग्नुको मुल उद्देश्य

सहकारीमा संगलग्न हुनुका विभिन्न उद्देश्यहरु हुन सक्छन् । विशेष रुपमा मानिसहरु सहकारीमा बचत तथा ऋणको लागि संलग्न हुन्छन् । सहकारीमा उत्तरदाता महिलाहरु के कारणले संलग्न भए भन्ने कुरालाई यहाँ तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.३:- उत्तरदाताहरु सहकारीमा लाग्नुको मुल उद्देश्य**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सुरक्षित बचत | २६ | २८.८९ |
| जिवनस्तर उकास्न | १४ | १५.५६ |
| कर्जा लिन सहज | २१ | २३.३३ |
| उद्यमशिलतामा लाग्न | २४ | २६.६७ |
| अन्य | ५ | ५.५६ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तलिका ५.३ मा महिलाहरु सहकारीमा लाग्नुको मुल कारण सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा सुरक्षित बचतको लागि भन्ने उत्तरदाता २८.८९ प्रतिशत, जिवनस्तर उकास्नका लागि भन्ने उत्तरदाता १५.५६ प्रतिशत, कर्जा लिन सहज भन्ने उत्तरदाता २३.३३ प्रतिशत उद्यमशिलतामा लाग्नको लागि भन्ने उत्तरदाताहरु २६.६७ रहेको पाइयो भने बाँकी ५.५६ प्रतिशत उत्तरदाता भने सहकारीमा संलग्न हुनुको मुख्य कारण अन्य रहेको बताए । यसबाट के कुरा प्रष्ट हुन्छ भने अधिकांश उत्तरदाताहरुको सहकारीमा संलग्न रहनुको मुल कारण सुरक्षित बचतको साथै सहुलियतमा कर्जा लिएर उद्यमशिलताको विकास गर्नु रहेछ ।

## ५.४ उत्तरदाताहरुले सहकारीबाट कर्जा लिए वा नलिए सम्बन्धी विवरण

सहकारीमा मानिसहरु प्राय जसो बचत र सहुलियत कर्जाको लागि संलग्न हुने गर्दछन् । प्रस्तुत अध्ययनको लागि छनौट गरिएका उत्तरदाताहरुले सहकारीबाट कर्जा लिए वा नलिएको सम्बन्धी विवरणलाई तल तालिका ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४:- उत्तरदाताहरुले सहकारीबाट कर्जा लिए वा नलिए सम्बन्धी विवरण**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| लिएको छ | ५२ | ५७.७८ |
| छैन | ३८ | ४२.२२ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तलिका ५.४ मा महिलाहरुले सहकारीबाट कर्जा लिए वा नलिए सम्बन्धी विवरण उल्लेख गरिएको छ । अधिकांश अर्थात ५७.७८ प्रतिशत उत्तरदाताहरुले कर्जा लिएका रहेछन् भने बाँकी ४२.२२ प्रतिशत उत्तरदाताहरुले भने कर्जा नलिएको बताए । यसबाट अधिकांश उत्तरदाताहरुले कुनै न कुनै प्रकारको कर्जा लिएको रहेछन् भन्ने कुरा बुझ्न सकिन्छ ।

## ५.५ उत्तरदाताले लिएका कर्जाको प्रकार सम्बन्धी विवरण

सहकारीले विभिन्न प्रकारका कर्जाहरुको व्यवस्था गरेको हुन्छ । मानिसहरुले आ- आफ्नो प्रयोजनको अवस्था अनुसार कर्जाको प्रकारको छनौट गरेका हुन्छन् । प्रस्तुत अध्ययनमा कर्जा लिएका उत्तरदाताहरुको कर्जाको प्रकार सम्बन्धी विवरणलाई तालिका नं ५.५ मा उललेख गरिएको छ ।

**तालिका ५.५:- उत्तरदाताहरुले लिएको कर्जाको प्रकार सम्बन्धी विवरण**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि तथा व्यापार कर्जा | २६ | २८.८९ |
| आवास कर्जा | ९ | १०.०० |
| स्वरोजगार कर्जा | १२ | १३.३३ |
| महिला उद्यमी कर्जा | ५ | ५.५६ |
| कर्जा नलिएको | ३८ | ४२.२२ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.५ मा महिलाहरुले सहकारीबाट मुख्यगरी लिएको कर्जाको प्रकार सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा कृषि तथा व्यापार कर्जा लिने २८.८९ प्रतिशत, आवास कर्जा लिने १० प्रतिशत, स्वरोजगार कर्जा लिने १३.३३ प्रतिशत , महिला उद्यमी कर्जा लिने ५.५६ प्रतिशत रहेको पाईयो भने बाँकी ४२.२२ प्रतिशत ले भने कर्जा नलिएको पाइयो । यसबाट अधिकांश उत्तरदाताहरुले कृषि तथा व्यापार कर्जा लिएका रहेछन् भन्ने कुरा प्रष्ट हुन्छ ।

## ५.६ कर्जा पश्चात सञ्चालित व्यवसायबाट प्राप्त आम्दानी

उत्तरदाताहरुले लिएको कर्जाको प्रकार सम्बन्धी अध्ययन गर्दा  अधिकांश उत्तरदाताहरुले कृषि तथा व्यवसाय कर्जा लिइएको पाइयो । जस मध्यबाट कृषि तथा व्यापार कर्जा लिए पश्चात उत्तरदाताहरुद्धारा सञ्चालित व्यवसायबाट प्राप्त आम्दानी सम्बन्धी विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.६:- कर्जा पश्चात सञ्चालित व्यवसायबाट प्राप्त मासिंक  तथा वार्षिक आम्दानी**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| २० हजार सम्म | १५ | १६.६७ |
| २० देखि ४० हजार | ९ | १०.०० |
| ४० देखि ६० हजार | १९ | २१.११ |
| ६० हजार भन्दा माथि | ५ | ५.५६ |
| व्यवसाय वा आम्दानी नगरेको | २६ | २८.८९ |
| कर्जा नलिएको | १६ | १७.७८ |
| **जम्मा** | **९०** | **१००** |

स्रोत: स्थलगत अध्ययन, २०७९

तालिका ५.६ मा ब्यापार कर्जा लिएका उत्तरदाताहरुबाट सञ्चालित व्यवसायबाट प्राप्त मासिंक आम्दानी सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा २० हजार सम्म आम्दानी हुने १६.६७ प्रतिशत, २० देखि ४० हजार सम्म हुने १० प्रतिशत, ४० देखि ६० हजार आम्दानी हुने २१.११ प्रतिशत र ६० हजार भन्दा माथि आम्दानी हुने उत्तरदाताहरु मात्र

५.५६ प्रतिशत रहेको पाइयो । त्यसै गरी कर्जा लिए पनि व्यवसाय वा आम्दानी नगरेका उत्तरदाताहरु भने २८.८९ प्रतिशत रहेको पाइयो । उनिहरुले सहकारीबाट लिइएको कर्जा व्यवसायमा नलगाएर अन्य क्षेत्रमा लगाएको बताए । र बाँकी १७.७८ प्रतिशत ले भने कर्जा नै नलिएको पाइयो । निष्कर्षमा व्यवसायिक कर्जा लिएका उत्तरदाताहरु  मध्य अधिकांशले ४० देखि ६० हजार सम्म आम्दानी गर्ने बताए ।

### ५.७ मासिंक आय लगानी गरिने मुख्य क्षेत्र

सहकारीको कर्जा मार्फत व्यवसाय सञ्चालन गरेका २६ उत्तरदाताताहरुले व्यवसायबाट प्राप्त मासिंक आम्दानीलाई मुख्यगरी कुन क्षेत्रमा लगानी गरेका छन भन्ने कुरालाई मात्र नभई अन्य उत्तरदाताहरुको समेत मासिंक आम्दानी लगानी गरिने मुख्य क्षेत्रलाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.७:- मासिंक आय लगानी गरिने मुख्य क्षेत्र**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| उपभोग र घर व्यवहार | २३ | २५.५६ |
| चल अचल सम्पत्ति खरिद | ३२ | ३५.५६ |
| शिक्षा | २२ | २४.४४ |
| बचत | १३ | १४.४४ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.७ मा मासिंक आय लगानी गरिने मुख्य क्षेत्र सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा २५.५६ प्रतिशत उत्तरदाताहरुले मुख्यगरी घर खर्चमा नै सिमित रहने बताए भने अधिकांश अर्थात ३५.५६ प्रतिशत उत्तरदाताले भने चल अचल सम्पत्ति घरजग्गा, सवारी, सञ्चारका साधन लगायतका सामाग्रीमा लगानी गरिएको बताए । त्यसैगरी २४.४४ प्रतिशतले परिवारको शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिएर शिक्षामा लगानी गरेका रहेछन् भने बाँकी १४.४४ प्रतिशत उत्तरदाताहरुले भने बैकं तथा सहकारीमा बचत गर्ने गरेको बताए । यसबाट के कुरा प्रष्ट हुन्छ भने  अधिकांश उत्तरदाताहरुले परिवारको आयको अधिकांश हिस्सा चल अचल सम्पत्ति खरिदमा लगाउने रहेछन् । यद्यमी २४.४४

प्रतिशत उत्तरदाता उत्तरदाताहरु भने परिवारको बालबालिकाको शिक्षा प्रति जागरुक रहेको बुझ्न सकिन्छ ।

### ५.८ उत्तरदाताहरुको मासिंक बचत सम्बन्धी विवरण

उत्तरदाताहरुको बचत भन्नाले उनिहरुको अम्दानीबाट खर्च कटाएर बचेको रकमलाई बुझिन्छ । बचत कुनैपनि परिवारको आम्दानी अनुसार फरक फरक हुन सक्छ । प्रस्तुत अध्ययनमा छनौट गरिएका उत्तरदाताहरुको बचत सम्बन्धी विवरणलाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.८:- उत्तरदाताहरुको मासिंक बचत सम्बन्धी विवरण**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ५ हजार सम्म | २४ | २६.६७ |
| ५ देखि १० हजार | ९ | १०.०० |
| १० देखि २० हजार सम्म | २३ | २५.५६ |
| २० हजार भन्दा माथि | ११ | १२.२२ |
| बचत नगर्ने | २३ | २५.५६ |
| **जम्मा** | **९०** | **१००** |

स्रोत: स्थलगत अध्ययन, २०७९

तलिका ५.८ मा उत्तरदाताको मासिंक बचत सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा मासिंक ५ हजार सम्म बचत गर्ने २६.६७ प्रतिशत, ५ देखि १० हजार सम्म बचत हुने १०.०० प्रतिशत १० देखि २० हजार सम्म बचत गर्ने २५.५६ प्रतिशत र २० हजार भन्दा माथि बचत गन १२.२२ प्रतिशत रहेको पाइयो भने बाँकी २५.५६ प्रतिशतले बचत नै नगर्ने गरेको पाइयो । यसबाट के कुरा प्रष्ट हुन्छ भने अधिकांश उत्तरदाताहरुले मासिंक ५ हजार सम्म तथा ५ देखि १० हजार बचत सम्म गर्ने रहेछन् भने २५.५६ प्रतिशत ले भने आफ्नो आयबाट बचत गर्न नपुग्ने अवस्था देख्न सकिन्छ ।

## ५.९ सहकारीमा संलग्न पश्चात आर्थिक स्थितिमा सुधार

सहकारीले पूजिँको अभावको अवस्थामा पनि व्यक्तीलाई उद्यमशिल बन्ने अवसर प्रदान गर्दछ । सहकारीसँगको संलग्नताले कुनैपनि परिवारको आर्थिक अवस्था प्रभावित भएको हुन्छ । प्रस्तुत अध्ययनमा समावेश गरिएका उत्तरदाताहरुको सहकारीमा संलग्नता पश्चात आर्थिक अवस्थामा सुधार भएको छ कि छैन भन्ने प्रश्नमा उत्तरदाताहरुको धारणालाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ५.९:- सहकारीमा संलग्न पश्चात आर्थिक स्थितिमा सुधार**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| धेरै सुधार भएको | ४३ | ४७.७८ |
| केहि सुधार भएको | ३१ | ३४.४४ |
| सुधार नभएको | १६ | १७.७८ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तलिका ५.९ मा उत्तरदाताको सहकारीमा संलग्नता पश्चात परिवारको आर्थिक स्थितिमा सुधार भएको छ कि छैन भन्ने सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा अधिकांश अर्थात ४७.७९ प्रतिशत उत्तरदातााताहरुको आर्थिक अवस्थामा सुधार भएको रहेछ भने ३४.४४ प्रतिशतको केहीमात्र सुधार भएको रहेछ भने बाँकी १७.७८ प्रतिशत उत्तरदाताको परिवारमा भने सहकारीमा संलग्नता पश्चात परिवारको आर्थिक स्थितिमा सुधार नभएको रहेछ । यसबाट के कुरा प्रष्ट हुन्छ भने  अधिकांश उत्तरदाताहरुको सहकारीमा संलग्नता पश्चात आर्थिक स्थितिमा सुधार भएको रहेछ । यद्यपी १७.७८ प्रतिशत उत्तरदाताहरु भने सहकारीबाट खासै लाभान्वित नभएको देखिन्छ ।

## ५.१० परिवारको निर्णय प्रक्रियामा उत्तरदाताहरुको भूमिका

सामान्यतः अधिकांश परिवामा निर्णयात्मक भूमिकामा प्राय पुरुष नै रहने गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा सहकारीको संलग्नता पछि परिवारको निर्णय प्रक्रियामा महिला वा पुरुष कसको प्रमुख भुमिका रहेको छ भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.१०:- परिवारको निर्णय प्रक्रियामा उत्तरदाताहरुको भूमिका**

| उत्तरदाताहरुको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| पुरुषको बढि | ४१ | ४५.५६ |
| महिलाको बढी | ३२ | ३५.५६ |
| बराबर | १७ | १८.८९ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१० मा उत्तरदाताको सहकारीमा संलग्नता पश्चात परिवारको निर्णय प्रक्रियामा उत्तरदाताहरुको भूमिका सम्बन्धी विवरण उल्लेख गरिएको छ । जसमा अधिकांश अर्थात ४५.५६ प्रतिशत उत्तरदातााताहरुको परिवारमा पुरुषको प्रमुख भुमिका रहेछ भने ३५.५६ प्रतिशत उत्तरदाताको परिवारमा भने महिलाको नै प्रमुख भूमिका रहेको पाइयो । बाँकी १८.८९ प्रतिशत उत्तरदाताहरुको परिवारमा भने बराबर रहेको पाइयो । यसबाट के कुरा प्रष्ट हुन्छ भने अधिकांश उत्तरदाताको परिवारमा सहकारीमा संलग्नता पश्चात महिलाको निर्णयात्मक भूमिकामा कमस सुधार आएको बुझ्न सकिन्छ । जसलाई महिला सशक्तिकरणमा आएको सकारात्मक परिवर्तन पनि मान्न सकिन्छ ।

## ५.११ सहकारीमा संलग्नता पश्चात सामाजिक प्रतिष्ठामा बढेको महसुस

कुनै पनि व्यवसाय वा संसस्थामा अवद्ध भएपछि उसलाई समाजले पनि सम्मानपूर्व व्यवहार गर्न थाल्छन् । सहकारीमा संलग्नता पश्चात समुहमा बोल्ने तरिका, फरक फरक मानिसहरुसँगको भेट अन्तक्रियाले उनिहरुको सामाजिक प्रतिष्ठामा फरक स्थान दिलाएको हुन सक्छ । प्रस्तुत अध्ययनमा सहकारीमा संलग्न भए पश्चात महिलाहरुले समाजिक प्रतिस्ठा बढेको छ कि छैन भन्ने बारे अध्ययन गर्न खोजिएको छ ।

**तालिका ११:- सहकारीको संलग्नता पस्चात सामाजिक प्रतिस्ठा बढेको महसुस**

| **उत्तरदाताको प्रतिक्रिया** | **उत्ततरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| छ | ४८ | ५३.३३ |
| छैन | ४२ | ४६.६७ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका नं. ११ सहकारीको संलग्नता पश्चात सामाजिक प्रतिष्ठा बढेको महसुस गरेका छन् कि छैनन भन्ने सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । जस अनुसार ५३.३३ प्रतिशत उत्तरदाताहरुको परिवारमा सहकारीको संलग्नता पश्चात आय स्तरमा वृद्धि मात्र नभई सामाजिक प्रतिष्ठा समेत बढेको महसुस गरेको पाइयो ।  भने बाँकी ४६.६७ प्रतिशत उत्तरदाताहरुले भने आफ्नो आयस्तरमा वृद्धि भएता पनि सामाजिक प्रतिस्ठामा भने खासै वृद्धि नभएको बताए । यसबाट के प्रस्ट हुन्छ भनसहकारीको संलग्नता पश्चात अधिकांश उत्तरदाताहरुले आफ्नो सामाजिक प्रतिष्ठा बढेको महसुस गरेका रहेछन् यद्यपी ४६.६७ प्रतिशत उत्तरदाताहरुले भने आयस्तरान वृद्धि भएता पनि सामाजिक प्रतिस्ठामा भने खासै वृद्धि नभएको पाइयो ।

## ५.१२ सहकारीमा संलग्नता पश्चात नेतृत्व क्षेमता सम्बन्धी अवस्था

सामुहिक उद्देश्य प्राप्तीका लागि व्यक्ति अथवा समुहका क्रियाकलापलाई प्रभावित पार्ने कार्य नेतृत्व हो । निर्णय क्षमता, इच्छाशक्ति सही र गलत छुट्यान सक्ने खुवी विषयबस्तुको राम्रो ज्ञान आत्म विश्वास, धैर्यता आदि असल नेतृत्वका गुण हुन । प्रस्तुत अध्ययनमा उत्तरदाताहरुको नेतृत्व क्षेमताको विकास भएको छ कि छैन भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका १२:- सहकारीको संलग्नता पस्चात नेतृत्व क्षेमतामा विकास**

| उत्तरदाताको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| धेरै विकास भएको | ४७ | ५२.२२ |
| विकास भएको छैन | १६ | १७.७८ |
| आसिक विकास भएको | २३ | २५.५६ |
| थाहा भएन | २ | २.२२ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका १२ सहकारीको संलग्नता नेतृत्व क्षेमतामा विकास सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । जस अनुसार धेरै विकास भएको छ भन्ने ५२.२२ प्रतिशत, विकास भएको छैन भन्ने १७.७८ प्रतिशत, आसिंक विकास भएको छ भन्ने २५.५६ प्रतिशत र थाहा भएन भन्ने उत्तरदाताहरु  २.२२ प्रतिशत रहेको पाइयो । यसबाट अधिकांश उत्तरदाताहरुको सहकारीको संलग्नता पश्चात नेतृत्व क्षेमतामा विकास भएको प्रष्ट हुन्छ ।

## ५.१३ महिला जागरणमा सहकारीको भुमिका

महिला जागरण भन्नाले महिलाले आफुले पाउनुपर्ने हक अधिकार प्रति सचेत हुँदै आफु, परिवार, समाज र राष्ट्रको निमित्त केही गर्नुपर्दछ भन्ने भावना जाग्रित भएको अवस्थालाई बुझिन्छ । प्रस्तुत अध्ययनमा सहकारीले उत्तरदाता महिलाहरुको जागरणमा टेवा पूर्याएको छ कि छैन भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.१३:- महिला जागरणमा सहकारीको भूमिका**

| उत्तरदाताको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| उल्लेखनिय छ | ५७ | ६३.३३ |
| उल्लेखनिय छैन | २० | २२.२२ |
| थाहा भएन | १३ | १४.४४ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१३ मा महिला जागरणमा सहकारीको भूमिका प्रति उत्तरदाताहरुको प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । जसमा ६३.३३ प्रतिशतले उल्लेखनिय भूमिका रहेको बताए भने, २२.२२ प्रतिशतले उल्लेखनिय भूमिका नरहेको बताए । भने बाँकी १४.४४ प्रतिशतले यसबारेमा जानकारी नभएको बताए । यसबाट सहकारीको महिला जागरणमा उल्लेखनिय भुमिका रहेको कुरा प्रष्ट हुन्छ ।

## ५.१४ महिला उद्यमशिलता विकासमा सहकारीको भूमिका

सहकारीले महिलाहरुको उदमशिलता विकासमा ठुलो भुमिका खेलेको हुन्छ । महिलाहरुलाई सहुलियत कर्जा उपलब्ध गराएर, विभिन्न सिपमुलक तालिमहरु उपलब्ध गराएर महिलाहरु प्रत्यक्षर अप्रत्यक्ष रुपमा लाभान्वित भएका हुन्छन् । अर्थात सहकारीले महिला उद्यमशिलता विकासमा अहम भूमिका खेलेको हुन्छ । यसै सम्बन्धमा उत्तरदाताहरो प्रतिक्रियालाई यहाँ उल्लख गरिएको छ ।

**तालिका ५.१४:- महिला उद्यमशिलता विकासमा सहकारीको भूमिका**

| उत्तरदाताको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| धेरै महत्वपूर्ण भयो | ३३ | ३६.६७ |
| महत्वपूर्ण | ३९ | ४३.३३ |
| महत्वपूर्ण भएन | ११ | १२.२२ |
| थाहा भएन | ७ | ७.७८ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१४ मा महिला उद्यमशिलता विकासमा सहकारीको भूमिका सम्बन्धी विवरण प्रस्तुत गरिएको छ जसमा अधिकांश अर्थात ४३.३३ प्रतिशत उत्तरदाताको अनुसार उदमशिलता विकासमा सहकारीको भूमिका महत्वपूर्ण भूमिका रहेको पाइयो भने ३६.६७ प्रतिशत उत्तरदाताले भने अति महत्वपूर्ण रहेको बताए । त्यसैगरी १२.२२ प्रतिशतले महत्वपूर्ण नरहेको बताए । ७.७ प्रतिशतले यसबारे जानकारी नभएको बताए । यसबाट सहकारीले अधिकांश महिलाको उदमशिलता विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरा प्रष्ट हुन्छ ।

## ५.१५ सहकारीले महिला शेयर धनिलाई प्रदान गरिएको सेवाबाट सन्तुष्ट्रीको अवस्था

कुनै कुनै सहकारीले महिला हरुलाई प्रोत्साहन गर्नको लागि महिला शेयर धनी हरुको लागि केही फरक सेवा सुविधा वा व्यवस्था गरेको हुन्छ । उक्त व्यवस्था प्रति उत्तरदाताहरु कत्तिको सन्तुष्ट्र छन् भन्ने कुरा यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.१५:- सहकारीले महिला शेयर धनिलाई प्रदान गरिएको सेवाबाट सन्तुष्ट्रीको अवस्था**

| **उत्तरदाताको प्रतिक्रिया** | **उत्ततरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| धेरै सन्तुष्ट | २६ | २८.८९ |
| ठिकै | ५४ | ६०.०० |
| असन्तुष्ट्र | १० | ११.११ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१५ मा सहकारीले महिला शेयर धनिलाई प्रदान गरिएको सेवाबाट सन्तुष्ट्रीको अवस्था सम्बन्धी विवरण प्रस्तुत गरिएको छ जसमा २८.८९ प्रतिशत उत्तरदाताहरु धेरै सन्तुष्ट्र रहेछन् भने ६०.०० प्रतिशत ठिकै अथार्त नधेरै सन्तुष्ट न असन्तष्ट्र रहेछन् भने ११.११ प्रतिशत असन्तुष्ट्र रहेछन् । यसबाट अधिकांश उत्तरदाताहरु सहकारीले महिला शेयर धनिलाई प्रदान गरिएको सेवाबाट तटस्थ अर्थात न धेरै सन्तुष्ट्र न धेरै असन्तुष्ट्र रहेको पाइयो ।

## ५.१६ सहकारीमा संलग्न प्रश्चात उत्तरदाताहरुको सबैभन्दा बढि प्रभावित भएको क्षेत्र

कुनै कुनै सहकारीले महिला हरुलाई प्रोत्साहन गर्नको लागि महिला शेयर धनी हरुको लागि केही फरक सेवा सुविधा वा व्यवस्था गरेको हुन्छ । उक्त व्यवस्था प्रति उत्तरदाताहरु कत्तिको सन्तुष्ट्र छन् भन्ने कुरा यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.१६:- सहकारीमा संलग्नता पश्चात उत्तरदाताहरुको सवैभन्दा प्रभावित भएको क्षेत्र**

| उत्तरदाताको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक | ३२ | ३५.५६ |
| आर्थिक | ३९ | ४३.३३ |
| राजनितिक | १० | ११.११ |
| अन्य | ९ | १०.०० |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१६ मा सहकारीमा संलग्नता पश्चात उत्तरदाताहरुको सवैभन्दा प्रभावित भएको क्षेत्र प्रस्तुत गरिएको छ जसमा ३५.५६ प्रतिशत उत्तरदाताहरुको सामाजिक क्षेत्रमा सुधार वा उन्नती भएको रहेछ, अधिकांश ४३.३३ प्रतिशत उत्तरदाताहरुको आर्थिक क्षेत्र प्रभावित भएका अर्थात आर्थिक क्षेत्रमा उन्नती भएको पाइयो भने ११.११ प्रतिशत उत्तरदाताहरुको राजनितिक क्षेत्रमा उन्नती भएको रहेछ भने बाँकी १० प्रतिशतको भने यि बाहेक अन्य क्षेत्रमा सुधार या सकारात्मक परिवर्तन भएको रहेछ । यसबाट पर्यटन व्यवसायमा संलग्न अधिकांश उत्तरदाताहरुको आर्थिक क्षेत्र मजबुत भएको कुरा प्रष्ट हुन्छ ।

### ५.१७ सहकारीले प्रदान गर्ने सर्वाधिक रुचाइएको महिला केन्द्रित सुविधा

महिला प्रोत्साहन र महिला सशक्तिकरणको लागि गरिएका विभिन्न व्यवस्थाहरु मध्य उत्तरदाता महिलाहरुलाई कुन कुन सबै भन्दा बढी प्रभावकारी लाग्यो भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ ।

**तालिका ५.१७:- सहकारीले प्रदान गर्ने सर्वाधिक रुचाइएको महिला केन्द्रित सुविधा**

| उत्तरदाताको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| महिला उद्यमी ऋण | १० | ११.११ |
| महिला उद्यमी अनुदान | १८ | २०.०० |
| निशुल्क सिपमुलक तालिम | २० | २२.२२ |
| महिला शेयर प्रोत्साहन | २८ | ३१.११ |
| महिला कर्मचारी सुविधा | ११ | १२.२२ |
| अन्य | ८ | ८.८९ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१७ मा सहकारीले प्रदान गर्ने सर्वाधिक रुचाइएको महिला केन्द्रित सुविधा प्रस्तुत गरिएको छ जसमा ११.११ प्रतिशतले महिला उद्यमी ऋण, २० प्रतिशतले महिला उद्यमी अनुदान, २२.२२ प्रतिशतले निशुल्क शिपमुलक तालिम, ३१.११ प्रतिशतले महिला शेयर प्रोत्साहन, १२.२२ प्रतिशतले कहिला श्रेयर प्रोत्साहन बाँकी १२.२२ प्रतिशतले महिला कर्मचारी सुविधा प्रति बढि आकर्षित भएको अर्थात मन पराएको देखियो । जसबाट अधिकांश उत्तरदाताहरुलाई महिला शेयर प्रोत्साहन सुविधा मन परेको कुरा प्रष्ट हुन्छ ।

## ५.१८ महिला सशक्तिकरणको लागि सहकारीले सुधार गर्नुपर्ने कुरा

महिला सशक्तिकरणको लागि सहकारीले खेलेको भुमिका राम्रै भएतापनि अझ प्रभावकारी बनाउन सुधार गर्नुपर्ने कुराहरु केही हुन सक्छन् । यसै सन्दर्भमा उत्तरदाताहरुको प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ५.१८ः- महिला सशक्तिकरणको लागि सहकारीले सुधार गर्नुपर्ने कुरा**

| उत्तरदाताको प्रतिक्रिया | उत्ततरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| नितिगत सुधार | १९ | २१.११ |
| कार्यक्रमगत सुधार | ४० | ४४.४४ |
| कार्यशैलीमा सुधार | १७ | १८.८९ |
| अन्य | १४ | १५.५६ |
| **जम्मा** | **९०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७९

तालिका ५.१८ सहकारीले आफु संलग्न रहेको सहकारीमा महिला सशक्तिकरणको लागि सुधार गनुपर्ने कुरालाई प्रस्तुत गरिएको छ । जसमा २१.११ प्रतिशतले नितिगत सुधार अर्थात एन नियम, विद्यानमा महिलालाई प्राथमिकता दिने कुरालाई जोड दिनुपर्ने बताए, अधिकांश अर्थात ४४.४४ प्रतिशतले कार्यक्रमगत सुधार अर्थात महिला लक्षित विभिन्न नविन कार्यक्रमहरु ल्याउनुपर्ने बताए । त्यसैगरी १८.८९ प्रतिशतले कार्यशैली तथा कार्य व्यवहारमा चुस्त, दृस्त र पारादर्शी हुनुपर्ने बताए भने बाँकी १५.५६ प्रतिशतले अन्य कुरामा सुधार गर्नुपर्ने कुरामा जोड सदएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अधिकांश उत्तरदाताहरुको अनुसार आफु संलग्न रहेको सहकारीमार्फत महिला सशक्तिकरण अभिवृद्धि गर्नका लागि विभिन्न महिला लक्षित कार्यक्रमगत सुधारमा जोड दिनुपर्ने देखियो ।

## ५.१९ सहकारी प्रति उत्तरदाताहरुको बुझाई

स्थलगत सर्वेक्षण गरेर उत्तरदाताहरूलाई प्रश्न राख्दा उहाँहरूले सहकारी प्रतिको धारणालाई सकारात्मक रूपमा लिनुभएको पाइयो । यसमा शतप्रतिशत उत्तरदाताहरूले सहकारीले आफूहरूलाई हरेक काममा अगाडि बढ्न सहयोग पुर्‍याएको बताउनुभयो । चाडवाड आउदा जम्मा गरी राखेको रकमलाई झिकी बच्चाहरूको लुगाफाटो, दानदक्षिणा आदिमा खर्च गर्न सकिने, गाह्रो पर्दा स्कुलको फि तिर्न सकिने, अलि अलि जम्मा गरेको रकम एकमुष्ठ हुँदा यसले केही ठूलो कामलाई हान्न सक्ने हुनाले सहकारी विशेषगरी महिलाहरूको सहारा भएको छ । यसले दुःख, सुख दुवैमा काम दिने उनीहरूको भनाइ छ । सहकारीका विभिन्न भ्रमणहरूले उनीहरूलाई अरू बचत गर्ने र नयाँ कामको थालनीको

प्रेरणा मिलेको छ । सहकारीका सात सिद्धान्त पालन गरी अगाडि बढेमा पक्कै पनि देशको अर्थनीतिले प्रारूपता पाउने उत्तरदाताहरूको भनाइ रहेको छ । उनीहरूले सहकारीबाट ऋण लिएर लगानी गर्दा उत्पादनमा पनि बढावा आएको बताएका छन् ।

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

कुनै उद्देश्य प्राप्त गर्न सँगै मिलेर गरिने सामुहिक कार्य सहकारी हो । यसले छरिएर रहेको पूँजीलाई एकिकरण गरी पूजिँको परिचालन र बचतमा अभिप्रेरित गर्नुको साथै रोजगारी सृजना सामाजिक एकीकरण, गरिबि निवारण, समाज विकास तथा सामुदायिक सशकक्तिकरणको माध्यमको रुपमा कार्य गर्दछ ।

प्रस्तुत अध्ययन मुलतः काँस्की जिल्ला पोखरा म.न.पा. १९ मा अवस्थित जनहित ऋण सहकारीमा संलग्न महिलाहरुको सशक्तिकरणमा सहकारीले पारेको प्रभावको सम्बन्धमा रहेको छ । यसलाई सम्पन्न गर्नको लागि प्राथमिक र द्वितिय तथ्याङ्क दुवै अध्ययनका श्रोतहरु प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनको लागि अन्तवार्ता अनुसूचीको प्रयोग गरियो भने द्धितिय तथ्याङ्कको लागि सहकारी संस्थाका बार्षिक प्रतिवेदन, त्रि.वि अन्तर्गत प्रकाशित र अप्रकाशित शोधपत्रहरू, विविध पत्र-पत्रिकाहरू तथा इमेल इन्टरनेटमा प्राप्त जानकारी आदिको प्रयोग गरिएको छ ।

महिला उत्तरदाताहरुको जनसांख्कि विवरणलाई हेर्दा सहकारीमा संलग्न कुल महिला उत्तरदाताहरु मध्य ७४.४४ प्रतिशत उत्तरदाता विवाहित रहेछन् भने २५.५६ प्रतिशत उत्तरदाताहरु भने अविवाहित रहेको पाईयो । १८ देखि ३० वर्ष उमेरका महिला ४२.२२ प्रतिशत, ३१ देखि ४० वर्ष उमेरका महिला २५.५६ प्रतिशत, ४१ देखि ५० वर्ष उमेर समूहका महिला २०.०० प्रतिशत, ५१ देखि ६० वर्ष उमेर समूहका महिला ८.८९ प्रतिशत रहेका थिए भने ६० वर्षभन्दा वढि उमेर समुहका मात्र ३.३३ प्रतिशत रहेको पाइन्छ ।

शैक्षिक अवस्थामा अशिक्षित १०.७ प्रतिशत, सामान्य साक्षर ३२.३१ प्रतशत, विद्यालय स्तर अध्ययन गर्ने ३६.९२ विश्वविद्यालय स्तर अध्ययन गर्ने २० प्रतिशत देखिन्छ । हन्दु धर्म मान्ने ८० प्रतिशत रहेको पाइयो भने बौद्ध धर्म मान्ने १० प्रतिशत रहेछन् । त्यसैगरी क्रिस्चियन धर्म मान्ने उत्तरदाताहरु ६.६७ प्रतिशत रहेछन् । भने बाँकी ३.३३ प्रतिशत उत्तरदाताहरुले अन्य धर्म मान्ने रहेछन् । ३३.३३ प्रतिशत कृषि पेशामा ४७.७८ प्रतिशत

ब्यापार पेशामा रहेको  पाइयो । पेशागत विवरण हेर्दा जागिरमा संलग्न उत्तरदाता १० प्रतिशत रहेको पाइयो भने गृहणी ८.८९ प्रतिशत उत्तरदाताहरु अन्य पेशामा संलग्न रहेछन् ।  ९० जना उत्तरदाता मध्य १ बर्ष भन्दा कम अवधि हुने २१.११  प्रतिशत १ देखि ३ बर्ष अनुभव हुने १५.५६ प्रतिशत, ३ देखि ५ बर्ष अनुभव हुने ३८.९ प्रतिशत र ५ बर्ष भन्दा बढि अवधि हुने २४.४४ प्रतिशत रहेको पाइयो ।

उत्तरदाताहरु कोबाट प्रेरित भए भन्ने कुरालाई हेर्दा छिमेकीबाट २७.७८ प्रतिशत, इष्टमित्र बाट प्रेरित हुने, १८.८९ प्रतिशत, आफै प्रेरित हुने २७.७८प्रतिशत र बाँकी २५.५६ प्रतिशत उत्तरदाताहरु भने श्रीमानबाट प्रेरित भएका रहेछन् ।  सहकारीमा संलग्न हुनुको उद्देश्य अनुसार सुरक्षित बचतको लागि भन्ने उत्तरदाता २८.८९ प्रतिशत, जिवनस्तर उकास्नका लागि भन्ने उत्तरदाता १५.५६ प्रतिशत, कर्जा लिन सहज भन्ने उत्तरदाता २६.६७ उद्यमशिलतामा लाग्नको लागि भन्ने उत्तरदाताहरु २६.६७ रहेको पाइयो भने बाँकी ५.५६ प्रतिशत उत्तरदाता भने सहकारीमा संलग्न हुनुको मुख्य कारण अन्य रहेको बताए ।

अधिकांश अर्थात ५७.७८ प्रतिशत उत्तरदाताहरुले कर्जा लिएका रहेछन् भने बाँकी ४२.२२ प्रतिशत उत्तरदाताहरुले भने कर्जा नलिएको बताए । २० हजार सम्म आम्दानी हुने १६.६७ प्रतिशत, २० देखि ४० हजार सम्म हुने १० प्रतिशत, ४० देखि ६० हजार आम्दानी हुने २१.११ प्रतिशत र ६० हजार भन्दा माथि आम्दानी हुने उत्तरदाताहरु मात्र ५.५६ प्रतिशत रहेको पाइयो । त्यसै गरी कर्जा लिए पनि व्यवसाय वा आम्दानी नगरेका उत्तरदाताहरु भने २८.८९ प्रतिशत रहेको पाइयो । उनिहरुले सहकारीबाट लिइएको कर्जा व्यवसायमा नलगाएर अन्य क्षेत्रमा लगाएको बताए । र बाँकी १७.७८ प्रतिशत ले भने कर्जा नै नलिएको पाइयो ।  २५.५६ प्रतिशत उत्तरदाताहरुले मुख्यगरी घर खर्चिमै सिमित रहने बताए भने अधिकांश अर्थात ३५.५६ प्रतिशत उत्तरदाताले भने चल अचल सम्पत्ति घरजग्गा, सवारी, सञ्चारका साधन लगायतका सामाग्रीमा लगानी गरिएको बताए । त्यसैगरी २४.४४ प्रतिशतले परिवारको शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिएर शिक्षामा लगानी गरेका रहेछन् भने बाँकी १४.४४ प्रतिशत उत्तरदाताहरुले भने बंक तथा सहकारीमा जम्मा गर्ने गरेको बताए ।

बचत सम्बन्धी विवरणलाई हेर्दा मासिंक ५ हजार सम्म बचत गर्ने २६.६७ प्रतिशत, ५ देखि १० हजार सम्म बचत हुने १० प्रतिशत १० देखि २० हजार सम्म  बचत गर्ने २५.५६

प्रतिशत र २० हजार भन्दा माथि बचत गर्ने १२.५ प्रतिशत रहेको पाइयो भने बाँकी २५.५६ प्रतिशतले बचत नै नगर्ने गरेको पाइयो ।

सहकारीको आर्थिक प्रभावको अध्ययन गर्दा अधिकांश अर्थात ४७.७८ प्रतिशत उत्तरदाताताहरुको आर्थिक अवस्थामा सुधार भएको रहेछ भने ३४.४४ प्रतिशतको केहीमात्र सुधार भएको रहेछ भने बाँकी १७.७८ प्रतिशत उत्तरदाताको परिवारमा भने सहकारीमा संलग्नता पश्चात परिवारको आर्थिक स्थितिमा सुधार नभएको रहेछ ।

परिवारमा निर्णयक भूमिकाको अवस्था हेर्दा अधिकांश अर्थात ४५.५६ प्रतिशत उत्तरदाताताहरुको परिवारमा महिलाको प्रमुख भुमिका रहेछ भने ३५.५६ प्रतिशत उत्तरदाताको परिवारमा भने पुरुषको नै प्रमुख भूमिका रहेको पाइयो । बाँकी १८.८९ प्रतिशत उत्तरदाताहरुको परिवारमा भने महिलाको रहेको पाइयो । ५३.३३ प्रतिशत उत्तरदाताहरुको परिवारमा सहकारीको संलग्नता पश्चात आय स्तरमा वृद्धि मात्र नभई सामाजिक प्रतिष्ठा समेत बढेको महसुस गरेको पाइयो भने बाँकी ४६.६७ प्रतिशत उत्तरदाताहरुले भने आफ्नो आयस्तरमा वृद्धि भएता पनि सामाजिक प्रतिस्ठामा भने खासै वृद्धि नभएको बताए  भने सहकारीमा संलग्न पश्चात नेतृत्व विकास भएको छ भन्ने उत्तरदाता ५२.२२ र भएको छैन भन्ने उत्तरदाता १७.७८ रहेको पाइयो ।

उदमशिलता विकासमा सहकारीको भूमिका सम्बन्धी अध्ययन गर्दा अधिकांश अर्थात ४३.३३ प्रतिशत उत्तरदाताको अनुसार उदमशिलता विकासमा सहकारीको भूमिका महत्वपूर्ण भूमिका रहेको पाइयो भने ३६.६७ प्रतिशत उत्तरदाताले भने अति महत्वपूर्ण रहेको बताए । त्यसैगरी १२.२२ प्रतिशतले महत्वपूर्ण नरहेको बताए । ७.७८ प्रतिशतले यसबारे जानकारी नभएको बताए त्यसैगरी महिला केन्द्रित सुविधा प्रति ४० प्रतिशत उत्तरदाताहरु धेरै सन्तुष्ट्र रहेछन् भने ६० प्रतिशत ठिकै रहेछन् भने २८.८९ प्रतिशत असन्तुष्ट्र रहेछन ।

सहकारीको प्रभावलाई बहुआयामिक ढङ्गले अध्ययन गर्दा ३५.५६ प्रतिशत उत्तरदाताहरुको सामाजिक क्षेत्रमा सुधार वा उन्नती भएको रहेछ, अधिकांश ४३.३३ प्रतिशत उत्तरदाताहरुको आर्थिक क्षेत्र प्रभावित भएका अर्थात आर्थिक क्षेत्रमा उन्नती भएको पाइयो भने ११.११ प्रतिशत उत्तरदाताहरुको राजनितिक क्षेत्रमा उन्नती भएको रहेछ भने बाँकी १० प्रतिशतको भने यि बाहेक अन्य क्षेत्रमा सुधार या सकारात्मक परिवर्तन भएको रहेछ ।

महिला केन्द्रत सुविधा मध्यय ११.११ प्रतिशतले महिला उद्यमी ऋण, २० प्रतिशतले महिला उदमी अनुदान, २२.२२ प्रतिशतले निशुल्क शिपमुलक तालिम, ३१.११ प्रतिशतले महिला शेयर प्रोत्साहन, १२.२२ प्रतिशतले कहिला शेयर प्रोत्साहन बाँकी ८.८९ प्रतिशतले महिला कर्मचारी सुविधा प्रति बढि आकर्षित भएको अर्थात मन पराएको देखियो ।

महिला सशक्तिकरणको लागि सहकारीले सुधार गर्नुपर्ने कुरामा उत्तदाताहरुको धारणा अनुसार २१.११ प्रतिशतले नितिगत सुधार अर्थात एन नियम, विद्यानमा महिलालाई प्राथमिकता दिने कुरालाई जोड दिनुपर्ने बताए, अधिकांश अर्थात ४४.४४ प्रतिशतले कार्यक्रमगत सुधार अर्थात महिला लक्षित विभिन्न नविन कार्यक्रमहरु ल्याउनुपर्ने बताए । त्यसैगरी १८.८९ प्रतिशतले कार्यशैली तथा कार्य व्यवहारमा चुस्त, दृस्त र पारादर्शी हुनुपर्ने बताए भने बाँकी १५.५६ प्रतिशतले अन्य कुरामा सुधार गर्नुपर्ने कुरामा जोड सदएको पाइयो ।

## ६.२ अध्ययनको निष्कर्ष

पोखरा. महानगरपालिका वडा नं १९ स्थित जनहित बचत तथा ऋण सहकारी सँस्थामा अवद्ध महिलाहरुको सामाजिक सँस्कृतिक क्षेत्रमा परेको प्रभावको बारेमा अध्ययन गर्दै समग्रमा सहकारीले महिला सशक्तिकरणमा खेलेको भूमिकाको अध्ययन गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

यस संस्थाले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा भूमिका निभाएको छ । यस संस्थाले केवल आर्थिक पक्षलाई मात्र प्राथमिकता नदिई सामाजिक क्षेत्रमा आफ्ना महिला शेयर सदस्यहरूको हैसियत वृद्धि तथा सामाजिक मान प्रतिष्ठा वृद्धि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भने उनीहरूले गर्ने हरेक क्रियाकलापमा आवश्यक सहयोग गर्ने सरसल्लाह दिने कार्यहरू गरेको पाइएको छ । आर्थिक हैसियत व्यवसायमा लाग्ने प्रेरित गर्ने ऋण लगानी गर्ने कार्य, त्यसको सदुपयोग भए नभएको अवलोकन गर्ने, आवश्यक परमार्श दिने, कार्यहरूको सवल पक्षलाई प्रष्ट्याउने । यस संस्थाका महिला सदस्यहरूले आफ्नो नियमित मासिक बचत पनि समयमै तिरिराखेको पाइएको छ भने लगानी गरेको रकमको किस्ता तथा व्याज समयमा बुझाउने गरेको पाइएको छ । यसलाई हेर्दा महिलाहरूमा जागरूकपन देखिन्छ ।

सहकारीबाट अधिकांश उत्तरदाताहरुले व्यवसायिक कर्जा लिएर व्यापार व्यवसाय सञ्चालन गरेका रहेछन । जस मध्य अधिकांशले ४० देखि ६० हजार सम्म आम्दानी गर्ने बताए भने परिवारको आयको अधिकांश हिस्सा चल अचल सम्पत्ति खरिदमा लगाउने रहेछन् यद्यमी २४.४४ प्रतिशत उत्तरदाताहरु भने परिवारको बालबालिकाको शिक्षा प्रति जागरुक रहेको बुझ्न सकिन्छ । अधिकांश उत्तरदाताहरुले औषद मासिंक ५ हजार बचत गर्ने रहेछन् भने २५.५६ प्रतिशत ले भने आफ्नो आयबाट बचत गर्न नपुग्ने अवस्था देख्न सकिन्छ । महिलाहरुको सहकारीमा संलग्नता पश्चात आर्थिक स्थितिमा मात्र नभई महिलाको निर्णयात्मक भूमिकामा सुधार आएको बुझ्न सकिन्छ । जसलाई महिला सशक्तिकरणमा आएको सकारात्मक परिवर्तन पनि मान्न सकिन्छ ।

सहकारीको संलग्नता पश्चात अधिकांश उत्तरदाताहरुले आफ्नो सामाजिक प्रतिष्ठा बढेको महसुस गरेका रहेछन् तालिम लिएका अधिकांश उत्तरदाताहरुलाई सहकारीबाट प्रदान गरिएका तालिम प्रभावकारी भएको पाइयो ।

सहकारीले महिलाहरुको आर्थिक अवस्था सबल मात्र नभई महिला महिलाहरुलाई आफ्नो हक अधिकार र क्षमता प्रति जाग्रित गराउने, नेतृत्व विकास गर्ने, उदमशिलता विकास गर्ने जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेलेको पाइयो । सहकारीले प्रदान गर्ने महिला केन्द्रित विभिन्न सुविधा मध्य महिला शेयर प्रोत्साहन सुविधा उत्तरदाता महिलालहरुलाई बढी प्रभावकारी भएको प्रष्ट हुन्छ ।

सहकारीमा आवश्यकता अनुसार पर्याप्त पूजिँ नहुँने तथा ब्याजदर असमान तरिकाले घटबढ हुने जस्ता समस्या रहेको पाइयो । आफु संलग्न रहेको सहकारीमार्फत महिला सशक्तिकरण अभिवृद्धि गर्नका लागि विभिन्न महिला लक्षित कार्यक्रमगत सुधारमा जोड दिनुपर्ने कुरा महिलाहरुको रहेको पाइयो । अधिकांश उत्तरदाताहरुको अनुसार महिला सशक्तीकरण गर्न सरकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको भएता पनि सरकारी क्षेत्रको पनि यसको भुमिका रहको प्रष्ट रहेको छ ।

अन्तमा सहकारी भन्ने वित्तिकै सहयोग र सहकार्य भन्ने वित्तिकै सँगै मिलेर काम गर्ने भन्ने बुझिन्छ । आजको विकसित समाजमा ग्रीब, निमुखा, पिछडिएका जनजातिहरूदेखि लिएर सम्पन्न घरायसी सम्मलाई सहकारी एक महत्त्वपूर्ण संस्थाको रूपमा अगाडि आएको छ । यसले नहुनेको लागि सहयोगी, ऋणीको लागि उपयोगी, हुनेको लागि प्रतिष्ठा बढाउने, साथी

सहयोगीको लागि अगुवाको रूपमा सहकारी स्थापित भएको छ । सहकारीको माध्यमबाट लगानी गर्ने, व्यापार बढाउने, उत्पादन बढाउने, बजार व्यवस्थापन गर्ने, सहुलियत दरमा ऋण उपलब्ध गराउने, आपसमा एक-अर्कोले बुझेका कुराहरू शेयर गर्ने, दुःख सुखका कुराहरू साटासाट गर्ने, एउटाको समस्यामा सहयोगी बन्ने, समस्याको पहिचान गरी समाधानमा लाग्ने लगायतका थुप्रै कार्यको लागि सहकारी एक माध्यम बनेको छ ।

यसको विकास र संरक्षणमा सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ जसले गर्दा यसलाई कतैबाट पनि आँच आउन नसकोस् र सहकारीप्रति नकारात्मक सोच राख्ने कुनै व्यक्ति वा तत्वहरू सफल हुन नसकुन्, जसले गर्दा यसको विकासमा अवरोध नआओस्। सहकारी एक सफल संस्थाको रूपमा विकास हुँदै जानुपर्छ जसले गर्दा सहकारीताको समाज र राष्ट्रको प्रगतिमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

# सन्दर्भ सामाग्री


आचार्य, मनिला, (२०७७), *सहकारीले महिलाको आर्थिक तथा सामाजिक जिवनमा पारेको प्रभाव,* स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र/मानवशास्त्र विभाग, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

अधिकारी, ऋषिराम (२०७३), *सहकारीताले महिलाको आर्थिक तथा सामाजिक स्थितिमा पारेको प्रभाव,* स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

अर्याल, शिवहरी (२०७६), *सामाजिक परिवर्तन र विकासको अध्ययन,* लुम्बिनी प्रकाशन प्रदर्शन/ मार्ग, काठमाडौं ।

खत्री, काजल (२०७८), *महिला प्रति समाजसास्त्रीय दृष्टीकोण,* हिमालयन अनलाइन खवर मा अप्रकाशित लेख ।

ढकाल, बाबुराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन* : नेशनल बुक सेन्टर, नारायणहिटी, काठमाडौं

पन्थी, शंकर प्रसाद (२०७४), *सामाजिक अध्ययन महिला विकास र कार्यालय सञ्चालन,* प्रदेश लोक सेवा आयोग, पैरवी प्रकाशन, सिंहदरवार नजिक पुतली सडक ।

पाण्डे विन्दा (२०७१), *सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जिवनमा पारेको प्रभाव,* स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र/मानवशास्त्र विभाग, रत्नराज्य लक्ष्मी .क्याप्पस, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

पोखरेल, निरजन (२०७४), *सहकारीले महिलाको आर्थिक तथा शैक्षिक जनजिवनमा पारेको प्रभाव,* स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र/मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, पृथ्वी नारायण.क्याम्पस, पोखरा

पौडेल, कृष्ण प्रसाद, (२०७२), *कास्की जिल्ला लामाचौर महानगरपालिका बगैचा १९ मा महिलाहरुको सामाजिक तथा सम्पतिको अवस्था,* अप्रकाशित शोधपत्र एम.ए ( पृथ्वीनारायण क्याम्पस), पोखरा ।

बराल, सन्तोष, (२०७६), *आर्थिक विकासको आधरस्तम्भको रुपमा सहकारी* : अन्नपूर्ण दैनिकमा प्रकाशित लेख ।

सहकारी ऐनको संक्षिप्त परिचय,(२०७६) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलय कास्की ।

श्रेष्ठ, ज्ञानु २०७७) *विकासमा महिलाको अवधारण* : समाधान पत्रिकामा प्रकाशित लेख ।

*अन्तराष्ट्रिय सहकारी महासंघ* : (१९९५),सहकारी प्रतिवेदन

# अन्तरवार्ता सूची

## महिला सशक्तिकरणमा सहकारीको भूमिका समाजशास्त्रीय अध्ययनको लागि तयार पारिएको अन्तरवार्ता अनुसूची

१.सामान्य परिचय :

उत्तरदाताको नाम :............................

लिङ्ग..................उमेर.............धर्म.........व्यवसाय..........

शैक्षिक योग्यता.................... जात/जाती................

वैवाहिक स्थिति...................

२. तपाईं सहकारीमा आवद्ध हुनुभएको कति समय भयो ?

क. १ बर्ष भन्दा कम    ख. १-३ बर्ष    गं) ३ देखि ५ बर्ष    घ) ५ बर्ष  भन्दा बढि

३. तपाईलाई सहकारीमा लाग्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?

क) छिमेकी    ख)  इष्टमित्र बाट    ग) आफै    घ) श्रीमान बाट

४. तपाई सहकारीमा लाग्नुको मुख्य उद्देश्य के हो ?

क) सुरक्षित बचतको    ख) जिवनस्तर उकास्न

ग) कर्जा लिन सहज    घ) उद्यमशिलतामा लाग्न    ङ) अन्य

५. तपाईले सहकारीबाट कर्जा लिनुभएको छ ?

कं) छु    ख) छैन्

६. यदि लिनुभएको छ भने कस्तो प्रकारको कर्जा लिनुभएको छ ?

क.) कृषि तथा ब्यापार कर्जा ख) आवास कर्जा

ग) स्वरोजगार कर्जा घ) महिला उद्यमी कर्जा

७. कर्जा लिए पश्चात सञ्चालन गरेको व्यवसायबाट मासिक कति औषत आम्दानी गर्नुहुन्छ ?

क.) २० हजार सम्म ख) २०-४० हजार

ग) ४० देखि ६० हजार घ) ६० हजार भन्दा माथि

८. तपाईको व्यवसायवाट प्राप्त आम्दानी सबैभन्दा बढी कुन क्षेत्रमा लगानी वा खर्च गर्नुभएको छ ?

क) उपभोग र घरव्यवहार खर्च ख) चल/अचल सम्पत्ती खरीद

ग) शिक्षा घ) बचत

९. तपाईले व्यवसायबाट प्राप्त आम्दानीबाट मासिक औषत कति बचत गर्नुहुन्छ ?

क) ५ हजार सम्म ख) ५ देखि १० हजार

ग) १० देखि २० हजार घ) २० भन्दा माथि

१०. तपाई सहकारीमा संलग्न भएपस्चात तपाईको परिवारको आर्थिक स्थितिमा सुधार भएको छ ?

क) धेरै सुधार भएको ख) केही सुधार भएको ग) सुधार भएको छैन

११. घरको निर्णय प्रक्रियामा महिला वा पुरुष कसको भूमिका प्रमुख रहेको छ ?

कं) महिला ख) पुरुष ग) बराबर

१२. के तपाईले सहकारीमा संलग्नता पश्चात नेतृत्व क्षमता विकास भएको छ ?

क) धेरै विकास भएको ख) आशिक विकास भएको

ग) विकास भएको छैन घ) थाहा भएन

१३. तपाईं सहकारीमा संलग्न भएपछि तपाईंले आफ्नो सामाजिक प्रतिष्ठा बढेको छ ?

क) धेरै बढेको छ ख) आंशिक बढेको छ

ग) बढेको छैन घ) थाहा भएन्

१४. सहकारीमा आवद्ध भएपश्चात तपाईंले कुनै तालिम लिनु भएको छ ?

क) लिएको ख) नलिएको

१५. तपाईं संलग्न रहेको सहकारीले महिलाहरुको सिप तथा क्षमता विकासका लागि प्रदान गरिएका तालिम प्रभावकारी छ कि छैन ?

क) धेरै प्रभावकारी छन् ख) आंशिक प्रभावकारी छन्

ग) प्रभावकारी छैनन् घ) थाहा भएन्

१६. तपाईं सहकारीको कुनै कार्यसमितिमा संलग्न हुनुहुन्छ ?

क) छु ख) छुइन

१७. तपाई संलग्न रहेको सहकारीका विभिन्न समितिहरुमा महिला सहभागिता ३३ प्रतिशत छ कि छैन ?

क) ३३ प्रतिशत भन्दा कम ख) ३३ वा सो भन्दा बढी ग) थाहा भएन

१८. तपाईं संलग्न रहेको सहकारीमा महिलाको सहभागीताको स्तर कुन रुपमा पाउनु भएको छ ?

क) उच्च रुपले बढ्दो ख) समान्य रुपले बढ्दो ग) घट्दो छ घ) थाहा भएन

१९. तपाईं संलग्न रहेको सहकारीमा महिलामैत्री वातावरण छ कि छैन ?

क) उच्च रुपले बढ्दो ख) समान्य रुपले बढ्दो ग) घट्दो छ घ) थाहा भएन

२०. तपाईं संलग्न रहेको सहकारीमा महिला तथा पुरुषको ज्यालामा लैङ्गिक समानता छ कि छैन ?

क) छ   ख) छैन   ग) थाहा भएन

२१. महिला उद्यमशिलता विकासमा सहकारीको भूमिका कत्तिको महत्वपूर्ण रहयो ?

क) धेरै महत्वपूर्ण   ख) महत्वपूर्ण   ग) महत्वपूर्ण भएन   ग) थाहा भएन

२२. तपाईंले संलग्न रहेको सहकारीले महिला जागरणमा महिला जागरणमा खेलेको भुमिका कस्तो छ ?

क) उल्लेखनिय छ   ख) उल्लेखनिय छैन   घ) थाहा भएन

२३. तपाईं संलग्न रहेको सहकारीबाट महिला शेयर धनीहरुलाई प्रदान गरिएको सेवाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) धेरै सन्तुष्ट   ख) ठिकै   ग) असन्तुष्ट

२४. समग्रमा सहकारी सँस्थामा संलग्न भएपस्चात तपाईंको कुन पक्षमा बढी प्रभाव परेको पाउनुभयो ?

क) सामाजिक   ख) आर्थिक   घ) राजनैनिक   घ) अन्य

२५ तपाईको सहकारीले प्रदान गर्ने महिला केन्द्रित सुविधाहरु मध्य कुन सर्वाधिक प्रभावकारी लाग्यो ?

क) महिला उद्यमी ऋण   ख) महिला उद्यमी अनुदान

ग) निशुल्क सिपमुलक तालिम   घ) महिला शेयर प्रोत्साहन

ङ) महिला कर्मचारी सुविधा   च) अन्य

२६. सहकारीद्वारा आयोजना गरिएको साँस्कृतिक क्रियाकलाप, सभा समारोहमा भाग लिँदा कस्तो सहसुस गर्नुभयो ?

क) रमाइलो   ख) ज्ञानवर्द्धक   ग) बोल्ने कला सिक्यो   घ) सफल बन्ने प्रेरणा मिल्यो

२७. तपाईंले संलग्न रहेको सहकारीमा के कस्ता समस्या तथा अभावहरु देख्नुभएको छ ?

क) पर्याप्त पूँजिको अभाव    ख) असमान ब्याजदर

ग) ग्राहक प्रतिको व्यवहार    घ) सेवा प्रभावकारी नहुनु    ङ) अन्य

२८ तपाईको विचारमा महिला सशक्तिकरण को लागि सहकारीले के कस्ता कुरामा सुधार गर्नुपर्ला ?

क) नितिगत सुधार    ख) कार्यक्रमगत सुधार

ग) कार्यशैलीमा सुधार    घ) अन्य

२९ नेपालको सन्दर्भमा महिला सशक्तिकरणमा कुन क्षेत्रको बढि भूमिका तथा जिम्मेवारी रहुन्छ ?

क) सरकारी    ख) निजि

ग) विभिन्न संघसंस्था    घ) अन्य गैरसरकारी क्षेत्र

**धन्यवाद ।**